जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ७, २०७९ साल जेठ २७ गते शुक्रबार, नेपाल संवत् ११४२ (Jun 10, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

भारतलाई अलकायदाको धम्की

एजेन्सी । अतिवादी समूह अल-कायदा सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)का सदस्यहरूले गरेको विवादास्पद टिप्पणीका कारण भारतका गुजरात, उत्तर प्रदेश, मुम्बई र दिल्लीमा आतंककारी हमला गर्ने धम्की दिएको छ। पैगम्बरको अपमान गरेको भन्दै भारतीय उपमहाद्वीपमा अल-कायदा (एक्यूआइएस) समूहले यस्तो धम्की दिएको हो ।

६ जुनमा लेखिएको पत्रमा एक्यूआइएसले 'पैगम्बरको सम्मानको लागि लड्न' आत्मघाती हमला गर्ने बाँकी ८ पेजमा

जग्गा कित्ताकाटमा कडाई

काठमाडौं । भूउपयोग नियमावली, २०७९ ले जग्गाको कित्ताकाटमा कडाई गरेको छ। नियमावलीले न्यूनतम १ सय ३० वर्गमिटर (चार आना) भन्दा कम क्षेत्रफल हुने गरी जग्गाको कित्ताकाट गर्न नपाउने व्यवस्था गरेको हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले नेपाल राजपत्रमा राजपत्रमा सूचना प्रकाशित गर्दै आवासीय क्षेत्रमा वर्गीकृत जग्गा ५ सय वर्गमिटरभन्दा कम भए चौडाइभन्दा लम्बाइ चार गुण बढी हुने गरी कित्ताकाट गर्नुपर्ने उल्लेख छ। कृषि क्षेत्रका रूपमा वर्गीकृत जमिनलाई बाँकी ८ पेजमा

भारत किन इपिजी प्रतिवेदन बुझ्न मान्दैन ?

काठमाडौं । नेपाल र भारतबीच रहेका सबै प्रकारका सन्धि सम्झौताको पुनरावलोकन, संशोधन वा खारेजीसम्मको प्रक्रियालाई अघि बढाउन गठित प्रबुद्ध व्यक्ति समूहले तयार पारेको प्रतिवेदन तीन वर्ष बितिसक्दा पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अझै बुझ्न मानेका छैनन् । नेपालले हरेक औपचारिक राजनीतिक र कूटनीतिक संयन्त्रमा इपिजी प्रतिवेदन बुझ्न भारतसँग आग्रह गर्दै आएको छ ।

दुवै देशका प्रधानमन्त्री तहमा भएका सहमति र त्यसैअनुसार गठन भएको प्रबुद्ध समूहले दुई वर्षको अवधि खर्चेर बनाएको साझा प्रतिवेदन भारतले बुझ्न नमान्नु आफैंमा संशयपूर्ण छ। भारतीय पक्षबाट प्रधानमन्त्री मोदीको समय नमिलेको भन्दै उपयुक्त समयको पर्खाइ भइरहेको कामचलाउ जवाफले इपिजीको प्राथमिकता र औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ ।

केही समयअघि भारतीय विदेश सचिव विनयमोहन क्वात्राले नयाँदिल्लीमा आयोजित एक पत्रकार सम्मेलनमा भारतले इपिजी प्रतिवेदनप्रति कुनै चासो नदिएको सन्देश प्रवाह गरेका छन् । उनले इपिजीलाई स्वतन्त्र व्यक्तिहरूको समूह भन्दै त्यसले तयार पारेको प्रतिवेदन बुझ्न भारत बाध्य नभएको मनोभाव प्रकट गरेका छन् । उनको यो भनाइले भारत इपिजी प्रतिवेदन बुझ्न चाहँदैन भन्ने प्रस्ट हुन्छ । विदेश सचिव क्वात्राले यसो भनिसकेपछि नेपालतर्फका इपिजीका संयोजक डा.भेषबहादुर थापाले इपिजी प्रतिवेदन जनस्तरमा सार्वजनिक गर्ने जवाफी भनाइ बाहिर ल्याए । तर उनले अहिलेसम्म इपिजी प्रतिवेदन जनस्तरमा सार्वजनिक भने गरेका छैनन् । भारतका प्रबुद्ध व्यक्ति समूहका संयोजक भगतसिंह कोसियारी अहिले महाराष्ट्रका गभर्नर छन् । उनीसँग डा.थापा नियमित टेलिफोन संवादमा भए पनि अब कोसियारीले मोदीलाई प्रतिवेदन बुझ्न दबाब दिने हैसियत राख्न सक्दैनन् ।

१५ र १६ असार ०७५ मा काठमाडौंमा सम्पन्न इपिजीको अन्तिम नवौं बैठकले साझा प्रतिवेदनमा सहमति जनाउँदै एक महिनाभित्र दुवै देशका प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउने निर्णय गरेको थियो । २० र २१ असार २०७३ मा पहिलो बैठक नेपालमा बसेकाले प्रतिवेदन सुरुमा भारतीय प्रधानमन्त्रीलाई बुझाउने इपिजीको निर्णय थियो । प्रतिवेदनको दुई दुई प्रति इपिजीका नेपाल संयोजक भेषबहादुर थापा र भारतका संयोजक भगतसिंह कोसियारीसँग छ। कोसियारीले मोदीले प्रतिवेदन बुझ्ने आश्वासन दिइरहेका छन् तर मोदीले भने प्रतिवेदन बुझ्न कुनै रुचि देखाएका छैनन् । नेपालमा केपी

ओली र भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि उनीहरूबीच तीनपटक भेट भयो। शेरबहादुर देउवा सर्वोच्च अदालतको परमादेशले प्रधानमन्त्री भएपछि पनि भारतीय समकक्षीसँग दुईपटक भेट भइसकेको छ। प्रधानमन्त्री देउवा केही समयअघि दिल्ली भ्रमणमा गए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जेठ २ गते बुद्धजयन्तीका अवसरमा बुद्ध जन्मथलो लुम्बिनी दर्शनार्थ आए। तर इपिजी प्रतिवेदनबारे न त नेपालले कुरा उठायो न मोदीले प्रसंग नै उठाए। मायादेवी मन्दिर परिसरमा मोदी ध्यानमग्न हुँदा देउवाले टाउको कन्याएर समय बिताए ।

प्रतिवेदनमा नेपालले सन् १९५० को असमान शान्ति तथा मैत्री सन्धि पुनरावलोकनको प्रस्ताव गरेको छ। भारतलाई यो कुरा मन परेको छैन। स्रोतका अनुसार इपिजीमा भारतको तर्फबाट सदस्य रहेका नेपालका लागि भारतका पूर्वराजदूत जयन्तप्रसादले प्रतिवेदन भारतको हितमा नरहेको 'ब्रिफिङ' गरे। उनकै लबिङपछि भारतमा इपिजी प्रतिवेदनप्रति विरोधको माहोल तयार भएको स्रोतको भनाइ छ। यद्यपि उनले माइन्युटमा भने हस्ताक्षर गरेका थिए। इपिजीको पहिलो बैठक २० र २१ असार काठमाडौंमा बस्दा प्रमुख एजेन्डा नै सन् १९५० को सन्धि परिमार्जन थियो। नौवटा बैठकमा सबभन्दा बढी चर्चा र बहस यही सन्धि परिमार्जनको विषयमा भएको थियो। जानकारहरूका अनुसार एउटै पक्ष भएर छलफल गर्ने भनिए पनि इपिजीमा नेपाल र भारतबीच सन् १९५० को सन्धि प्रतिस्थापन र नेपाल भारत खुला सीमा नियमनबारे पछिसम्म साझा धारणा बन्न सकेको थिएन ।

सन्१९५० को सन्धि तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरले आफ्नो शासन बचाउनका लागि गरेका थिए। त्यसबेला जवाहरलाल नेहरू भारतको केन्द्रीय सत्तामा उदाएका थिए। नेपालमा राणा शासन विरोधी आन्दोलन चर्किन थालेको थियो। चीनमा पनि च्याङकाइसेकको पतन र माओको अभ्युदय भइसकेको थियो। राणाहरूको सम्बन्ध भारतमा अंग्रेजहरूसँग र चीनमा च्याङकाइसेकसँग मात्र थियो। नेहरूले विभिन्न राज्यका मुख्यमन्त्रीहरूलाई पत्र लेखेर राणा शासनलाई मान्यता नदिने बताइसकेका थिए। राणा शासनको संरक्षक अंग्रेजहरूले सन् १९४७ मै भारत छोडिसकेका थिए। देशभित्र राणा विरोधी आन्दोलन चर्किन थाल्नु र चीन र भारतमा नयाँ नेतृत्व आउनुले मोहन शमशेरले आफूलाई असुरक्षित महसुस गर्न थालेका थिए। सम्भावित जनआन्दोलनको भूतले तर्सिएका मोहनशमशेर रेलमार्ग हुँदै २००६ फागुन ७ मा दिल्ली पुगे। रेल्वे स्टेशनमा पुगेर नेहरू आफैंले मोहनशमशेरको स्वागत गरे। हैदरावाद हाउसमा उनलाई अति विशिष्ट पाहुना बनाए। हैदरावाद हाउसमा मोहनशमशेर र नेहरूबीच डेढघन्टासम्म गोप्य वार्ता भयो। सन् १९५० को सन्धि त्यही वान टु वान वार्ताले तय गरेको थियो। मोहनशमशेर काठमाडौं फर्किने बित्तिकै भारतका लागि नेपाली राजदूत चन्द्रेश्वरप्रसाद नारायणले प्रस्तावित सन्धिको मस्यौदा थमाएका थिए ।

सन्धिको मस्यौदामाथि छलफल गर्न विजयशमशेरको नेतृत्वमा सरदार नरेन्द्रमणि आचार्य दीक्षित सरदार गुन्जमान सिंह र मिरसुब्बा भीमबहादुर पाँडे दिल्ली पुगे। भारतबाट सेक्रेटरी गिर्जाशंकर बाजपेयी, बाँकी ८ पेजमा

ओलीको नजर भुसालमाथि

काठमाडौं । प्रमुख प्रतिपक्षी नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा विवाद चर्किएको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीको स्थायी कमिटी सदस्य घनश्याम भुसालले आलोचना गरेपछि पार्टीमा विवाद चर्किएको हो। अध्यक्ष ओलीको आलोचना गर्दै पार्टी नीतिविपरीत अभिव्यक्ति दिएको आरोपमा पार्टी अनुशासन आयोगले भुसाललाई कारबाही गर्न केन्द्रीय कमिटीलाई निर्देशन दिएको छ। अनुशासन आयोगको सो निर्देशनसँगै विवाद अब केन्द्रीय कमिटीमा प्रवेश गर्ने भएको छ ।

अनुशासन आयोगका अध्यक्ष केशव बडालले भुसालले पार्टी नीतिविपरीत अभिव्यक्ति दिएपछि कारबाही प्रक्रियाअगाडि बढाउन निर्देशन दिएको बताए। स्थानीय तह निर्वाचनको मतपरिणाम सार्वजनिक भएपछि नेता भुसालले एक टेलिभिजनलाई दिएको अन्तर्वार्तामा स्थानीय तह चुनावमा एमालेको कमजोर प्रदर्शनप्रति नेतृत्वका हिसाबले अध्यक्ष ओली असफल भएको भन्दै आलोचना गरेका बाँकी ८ पेजमा

विवादास्पद भ्रमणबारे मालेको आपत्ति

काठमाडौं । नेकपा मालेले अमेरिकी उप विदेशमन्त्री उज्रा जेयाले कूटनीतिक मर्यादा विपरीत नेपालको तिब्बती शरणार्थी शिविरमा गरेको विवादास्पद भ्रमणबारे आपत्ति जनाएको छ। पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'यही जेठ १९ गते बिहीबार अमेरिकी संसदमा (कांग्रेसमा) प्रस्तुत गरिएको 'अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता-२०२१' सम्बन्धी प्रतिवेदन र त्यससम्बन्धी सञ्चारमाध्यममा आएको चर्चाले हाम्रो ध्यान गम्भीर रूपमा आकर्षित गरेको छ।

केही साता अघि भारत हुँदै नेपाल भ्रमणमा आएकी अमेरिकी उप विदेशमन्त्री उज्रा जेयाले सामान्य कुटनैतिक मर्यादा समेतको पर्वाहनै नगरी बाँकी ८ पेजमा

एसएसबीको प्रतिकारमा सशस्त्र प्रहरी

काठमाडौं । नेपाल-भारत सीमाको दसगजा क्षेत्रमा भारतीय सशस्त्र सीमा बल (एसएसबी) र भारतीय सशस्त्र वन रक्षकले अनाधिकृत रूपमा निर्माण गरेको भौतिक संरचना सशस्त्र प्रहरी बल, नेपालले हटाएको छ। कञ्चनपुरको दोधारा-चाँदनीस्थित दसगजा क्षेत्रको भूभाग आफ्नोतर्फ पार्नेगरी भारतीय पक्षले जबर्जस्ती बनाएको भौतिक संरचना सशस्त्र प्रहरी बलले हटाएको हो। हटाउने क्रममा भारतीय सुरक्षाकर्मी भनाभनमा समेत उत्रिएको स्रोतको भनाइ छ ।

स्रोतका अनुसार, दोधारा-चाँदनीस्थित दसगजा क्षेत्रको भूभाग आफ्नोतर्फ पार्ने गरी भारतीय पक्षले सिमेन्टका पोल गाड्नुका साथै काँडेतार बाँकी ८ पेजमा

आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण

काठमाडौं। विश्व बैंकले सन् २०२२/२३ का लागि नेपालको आर्थिक वृद्धिदर ४.१ प्रतिशत बराबर मात्रै रहने प्रक्षेपण सार्वजनिक गरेको छ। 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट' प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैंकले यसअघिको प्रक्षेपणभन्दा ०.२ प्रतिशत बिन्दुले अनुमान घटाएको हो ।

त्यस्तै अर्को वर्ष २०२३/२४ का लागि नेपालले ५.८ प्रतिशतको वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ। नेपालले भने आर्थिक बाँकी ८ पेजमा

राष्ट्र संघको उपाध्यक्षमा नेपाल

काठमाडौं। नेपाल संयुक्त राष्ट्र संघको उपाध्यक्षमा सर्वसम्मत निर्वाचित भएको छ। राष्ट्र संघको ७७ औं महासभाका लागि एसिया प्रशान्त क्षेत्रबाट नेपाल उपाध्यक्ष चयन भएको हो। एसिया प्रशान्त क्षेत्रको प्रतिनिधित्व गर्दै नेपालसहित भियतनाम, मलेसिया, ताजिकिस्तान, तुर्कमिनिस्तानसहित ५ देश उपाध्यक्ष निर्वाचित भएका छन्। त्यसैगरी अफ्रिकाबाट बेनिन, बुरुन्डी, केन्या, मोरिटानिया, बाँकी ८ पेजमा

भारतीय संरचनाले तराई सधैं डुबानमा

काठमाडौं। नेपाल-भारत सीमा क्षेत्रमा भारतले बनाएका बाँध, तटबन्धका कारण बर्खामा सधैं सीमावर्ती नेपालीले डुबान-कटानको समस्या भोग्दै आएका छन्। सीमाका संरचनाका कारण निम्तिने जोखिम न्यूनीकरणका लागि द्विपक्षीय संयन्त्रका बैठकसमेत नियमित रूपमा हुन सकेका छैनन् । नेपाल-भारत सीमाका करिब डेढ दर्जनभन्दा बढी स्थानमा नदी तथा खोलाको प्राकृतिक बहावलाई असर पुग्ने गरी भारतले बनाएका बाँध, तटबन्ध र सडकले बर्खामा समस्या निम्त्याउने गरेका छन् ।

भारतीय संरचनाका कारण नेपालपट्टि बालीनाली क्षति हुनुका साथै मानिस नै विस्थापित हुनुपर्ने समस्या दोहोरिरहेको छ । यो विषयमा पीडितले वर्षौंदेखि सरकारको ध्यानाकर्षण गराइरहेका छन् । संसद्मा समेत सांसदहरूले पटक-पटक आवाज उठाउने गरेका छन् । सीमावर्ती जिल्ला प्रशासन कार्यालय र सीमा सुरक्षार्थ तैनाथ सशस्त्र प्रहरी बल (एपीएफ) ले गृह मन्त्रालयमा



पटक-पटक पत्राचार गरेका छन् । तर समाधानका लागि सरकारले प्रभावकारी कूटनीतिक प्रयास गरेको छैन ।

नवलपरासीदेखि बर्दियासम्मको सीमावर्ती भूभागलाई असर पर्ने गरी भारतले कतै दशगजा छुने गरी र कतै केही भित्री भागमा चार लेनको 'इन्डो-नेपाल बोर्डर' सडक निर्माण गरिरहेको छ । अन्य स्थानमा भारतीय पक्षबाट सीमावर्ती क्षेत्रमा अनधिकृत रूपमा संरचना बनाइँदै छन् । यस विषयमा परराष्ट्र मन्त्रालयले बाँकी ८ पेजमा

नेपालको राजनीति र नेताहरूको प्रवृत्ति

समय सन्दर्भ

• पी.के.ओली

आज हामी प्रजातन्त्रको उपभोग गर्दै आएको तीन दशक नाघि सकेको अवस्था छ। यी पार्टीको र नेताहरूको सोच, विचार, आचरण, व्यवहारले आज जनता आजित भएको महसुस हुँदैछ।

जनतालाई लागेको थियो काङ्ग्रेसले गर्ला, एमालेले गर्ला, माओवादीले गर्ला तर कसैले खास केही पनि गर्न सकेनन् । सबैले जनतालाई झुक्काउँदै आफ्नो निजी स्वार्थ र भलो मात्र चिताए। नेता भनेको त त्याग, सच्चा चरित्र हो जनताको लागि तर त्यो कुनै नेतामा देखिएन। केपी ओली, प्रचन्ड, देउवा, माधव कुनै पनि नेताको चरित्र नेताको जस्तो देखिएन। आज अलि अलि बनेको बाटाघाटोको हिसाब गरेर यिनीहरूले केही त गरेका छौं नि भनेर झूट बोलिराखेको सुनिन्छ।

जुन देशको र जनताको नाममा बिदेशीहरूबाट खरबौं अनुदान, ऋण लिएका छन् नेताहरूले त्यसको कति प्रतिशत जनता लागि खर्च गरिएको छ, यो हिसाब कसैले गरेको छैन। सायद पचास प्रतिशत त नेता कर्मचारीले लुटेका छन्। यसको हिसाब कसले गर्ने ? यिनलाई कसले करबाही गर्ने ?

यहाँ शक्तिको कुनै ब्यालेन्स छैन। चेक् एन्ड ब्यालेन्स नभएपछि देशमा भ्रष्टाचर झन् झन् मौलाउँदै गएको छ। कसैले यसबारे कुरा उठायो भन सबै दल एउटै मन्चमा आउँछन्। बोटल मात्र फरक हुन् रक्सी एउटै हो। पार्टी मात्र फरक हो अब यी सबै नेताको चरित्र एउटै हो। यी सबैको स्वार्थ, स्वाभाव, आचरण एउटै हो। यिनीहरू कोहीभन्दा कोही कम छैनन। यी सबैले आफू र आफ्ना परिवारलाई राजकीय ठान्छन् र जनतलाई रैती मान्छन्। हिजो माओवादी एमाले मिले, आज काङ्ग्रेस माओवादी मिले र भोलि फेरि एमाले काङ्ग्रेस मिल्छन् वा अरु कोही।

आज राजसंस्थालाई किन फाले त भनेर बुझ्दै जाँदा त्यो संस्थादेखि यिनीहरूलाई डर थियो। राजसंस्था भएको भए आज यसरी देश लुट्न पक्कै सजिलो हुने थिएन। अहिले राष्ट्रपति भए पनि त्यसले भ्रष्टाचार, अनियमितता, कमिसनखोरलाई कुनै खबरदारी समेत गर्न सक्ने शक्ति छैन। टुलु टुलु हेरेर सही छाप लगाउनेबाहेक अरु केही गर्न सक्ने अवस्था छैन।

यही देश चुकेको पनि छ। ठूला भ्रष्टाचार हुँदा दन्ड गर्न सक्ने पनि हुनुपर्छ। कुनै निकाय टाउको उठाउन खोज्दा सबै दलले मिलेर महाअभियोगको हतियार देखाउँछन्। यसमा सबै दल मिल्छन् किनभने अहिले सबै दल र नेता भ्रष्टाचारको दल दलमा फसेका छन्। सबैको आचरण एउटै छ। बाँकी ८ पेजमा

पछि हट्यो विभाग

काठमाडौं। यातायात व्यवस्था विभाग साउन १ बाट इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने निर्णयबाट पछि हटेको छ। विभागले विज्ञप्ति जारी गर्दै सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य नगरेको स्पष्ट पारेको हो। इम्बोस्ड नम्बर प्लेट असार मसान्तभित्र सबै सवारीसाधनमा जडान गरिसक्नु बाँकी ८ पेजमा

अमेरिकी जर्नेल नेपालमा

काठमाडौं। अमेरिकी सेनाका प्यासिफिक कमान्ड कमान्डिङ वरिष्ठ जर्नेल चार्ल्स ए फ्लाएन चार दिने नेपाल भ्रमणमा आएका छन्। उनी अमेरिकी सेनाको विशेष विमानबाट जेठ २६ गते बिहीबार नेपाल आएका हुन्। नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा शान्ति सैनिकहरू तैनाथ रहेका मुलुक हुँदै अमेरिका भ्रमण जानुपूर्व अमेरिकी सेनाका वरिष्ठ जर्नेल फ्लाएनले २६ देखि २ ९ असारसम्म बाँकी ८ पेजमा

किताब र मलको हाहाकार

काठमाडौं। नेपालमा धान रोपाइँ सुरु भएको छ तर किसानले धानमा हाल्ने रासायनिक मल पाएका छैनन्। जेठ, असार र साउनका लागि करिब २ लाख मेट्रिक टन मल खपत हुने विगतका वर्षहरूको अनुभव छ। तर, कृषि सामग्री कम्पनीसँग अहिले १५ हजार मेट्रिक टन मात्र युरिया मल छ। मलको कारोबार गर्ने साल्ट ट्रेडिङको गोदाम रित्तिएको ३ महिना भयो। विद्यार्थीका हातमा किताब नभइरहेका बेला उनीहरूका अभिभावक भने मल नपाएर छट् पटाइरहेका बाँकी ८ पेजमा

राज्यकोष दोहन गर्दै सरकार

काठमाडौं। शेरबहादुर देउवा नेतृत्वको सरकारले दलहरूलाई भागबन्डा पुऱ्याउन मन्त्रालय फुटाउने भएको छ। यसरी मन्त्रालय फुटाउँदा राज्यकोषमा एक मन्त्रालयबराबर वार्षिक ४ देखि ५ करोड खर्च हुने प्रशासकले जनाएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका बाँकी ८ पेजमा

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सावधान, यो संयुक्त सरकार होइन, निर्दलीय हो

सुरेन्द्र ढकाल

जुन दिन शेरबहादुर भन्ने व्यक्तिले आफूमाथि संसदको बहुमत सदस्यको समर्थन छ भनेर संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन राष्ट्रपतिसमक्ष आवेदन गरे, त्यसलाई राष्ट्रपतिले प्रकृयागत झमेला निकाली काम नगरेको कारण शेरबहादुर अदालतको शरणमा गए र उनी सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री बन्न सफल भए। यो शेरबहादुरले कांग्रेस पार्टीको सांसदको हैसियतमा नभई व्यक्तिगत हैसियत प्राप्त गरेको बहुमत हो। त्यसकारण यो सरकार संविधानअनुरुप निर्दलीय सरकार हो।

यो सरकार चल्न सकुञ्जेल चल्छ, नसकेको अवस्थामा संविधानको धारा ७६(७) बमोजिम शेरबहादुरले संसद विघटनको सिफारिस गर्छन् र देश चुनावमा होमिन्छ। यो निर्दलीय सरकार ढलेर फेरि ७६ (२) अनुसार नयाँ संयुक्त सरकार बन्न सक्छ भनेर संविधानमा कहीँ पनि व्यवस्था भएको छैन। झन् त्यसमाथि मंसिरमा त यही संसदको पनि ५ वर्ष पुग्छ, चुनाव नगराइ सुखै छैन। चुनाव यही शेरबहादुरले गराउने हो। संविधानमा भएको यो व्यवस्थाको विरुद्ध गएर यस सरकारलाई गठबन्धन सरकारको नाम दिइएको छ, त्यो संविधानअनुरुप छैन। यो निर्दलीय सरकार हो। यसको काम सकेसम्म संसदको आयु पुऱ्याइदिने हो नसकेको अवस्थामा मात्रै देशलाई चुनावमा होमिदिने हो।

संविधानको यो मर्मलाई नबुझेर शेरबहादुरको यो सरकार ढलाउन सकिन्छ भन्दै गठबन्धन भत्काउने र कायम राख्न चाहनेहरूको दोहोरी चलेको टिभी अनि रेडियोमा सुन्न पाइन्छ। स्थानीय चुनावमा गठबन्धन गरेर गएको कारण आएको परिणाम त्यही गठबन्धन भित्रका केही दललाई स्वीकार्य हुनु अनि केहीलाई अस्वीकार्य हुनु स्वभाविक हो। सामान्यतया संसदीय बहुदलीय व्यवस्था भन्ने तर गठबन्धन गर्ने संस्कार पनि प्रजातान्त्रिक होइन।

गठबन्धन गर्न पाइँदैन भनेर संविधानमा पनि व्यवस्था नभएको कारण गठबन्धन बनेको हो। जुन दलले फाइदा उठाउन सक्यो उठायो, नसक्ने हिस्स पऱ्यो। हिस्स परेको अवस्थामा अब म सरकार ढाल्छु भनेर लाग्दा शेरबहादुरले मन्त्रिमण्डलबाट घोक्रेठ्याक लगाइदिए



भने त्यसको विरुद्ध अदालतमा मुद्दा लाग्ने व्यवस्था संविधानमा कतै पनि छैन। यति कि अहिले शेरबहादुरले सबै मन्त्रीहरू संसद बाहिरबाट आफूखुसी बनाए भने पनि सक्छन्। रोइ, कराइ, धम्की, डर त्रासले केही हुनेवाला छैन।

एक्लाएक्लै चुनावमा गयो भने आआफ्नो हविगत कस्तो हुन्छ भन्ने कुरा कांग्रेस, एमाले माओवादीदेखि लिएर राप्रपासम्मले राम्रै बुझिसकेका छन्। कसैले आफूलाई ठालु नसम्झे हुन्छ। झन् त्यसमाथि काठमाडौंलगायत, धरान, धनगढी अनि जनकपुरका नगरपालिकाहरूमा स्वतन्त्र व्यक्तिको निर्वाचनले राजनीतिक दलहरूप्रतिको घृणा र वितृष्णाको विजाङकुर स्पष्ट देखिएको छ। अब यो झांगिदै जाने देखिएको छ। न कांग्रेस एक्लैले एमाले लगायतका अन्य दललाई ठेगान लगाउन सक्छ न एमाले अनि माओवादी भनाउँदाहरूले एक्लाएक्लै अरुलाई ठेगान लगाउन सक्छन्। सबै दलको असक्षमता जनताको अगाडि नांगै भइसकेको छ।

राष्ट्रघात, भ्रष्टाचार, असक्षमता, नातावाद कृपावादबाट कुनै पनि दल अछुतो रहन सकेका छैनन्। अख्तियार, मानवअधिकार आयोग, लोकसेवा आयोगजस्ता संवैधानिक अंगहरूको सिफारिस मात्रै होइन निजगढ विमानस्थलसम्बन्धी सर्वोच्चको उत्प्रेषण विरुद्धसमेत राजनीतिक दलहरू जनतालाई सडकमा उतारिरहेको परिप्रेक्ष्यमा राज्य व्यवस्था नै नचल्ने अवस्था आइसकेको छ।

चुनावताका निर्वाचन आयोगले आफूलाई बलियो देखाउन सक्नुपर्ने थियो किनकी सेना, प्रहरी र सरकारी कर्मचारी उसकै कमाण्डमा थिए। तर निर्वाचन आचार संहिता उल्लंघन गरेको टुलुटुलु हेरेर बस्ने अवस्थामा ऊ पुग्यो। धनको महासागर सडकमा भेललाग्दा समेत निर्वाचन आयोग मूकदर्शक भयो। भोलि हुने प्रतिनिधिसभा र प्रान्तीयसभाको चुनाव पनि सचेत ठाउँमा बाहेक अन्य ठाउँमा जसको लाठी उसैको भैंसी हुने स्पष्ट छ। कसले कसको ठेगान लगाउने हो त्यो भोलिकै दिनले बताउला।

निर्दलीय सरकारको चुनाव गराउने जिम्मा प्रधानमन्त्री शेरबहादुरमा भएको कारण उनमा घमण्ड आउनु स्वभाविक हो। त्यसमाथि स्थानीय चुनावमा कांग्रेसले पाएको मतले घमण्डको पारो बढ्नु झनै स्वभाविक हो। मतदाताहरूले शेरबहादुरको त्यो घमण्ड पचाउलान् वा नपचाउलान् त्यो चुनाव परिणामले देखाउने नै छ। स्पष्ट बहुमत भएको पार्टीलाई तीन टुक्रामा विभाजित गर्ने ओली, प्रचण्ड अनि माधव नेपालले नै होइन शेरबहादुर बनाएको? आफ्नो खाडल आफैं खन्ने, दलभित्रको जनवादलाई व्यवस्थापन गर्न नसक्ने अनि पार्टी फोड्ने क्रियाकलापले अन्ततः प्रजातन्त्र नै धरापमा परेको अवस्था हो यो। स्वतन्त्र व्यक्तिको निर्वाचनले गरेको दिशा निर्देश पनि यही हो। कसैले मख्ख नपरे हुन्छ। सावधान, यो संयुक्त सरकार होइन निर्दलीय हो।

सम्पादकीय

फोहोरमाथि राजनीति ?

काठमाडौं उपत्यकाको फोहोर फाल्ने विषयमा लामो समयदेखि विवाद रहँदै आएकोमा मंगलबारबाट प्रशासनको बलमा सिसिडोलमा फोहोर फाल्न थालिएको छ। फोहोर फाल्ने विषयमा बन्चरेडाँडाका स्थानीयले विरोध गरेपछि सरकारले प्रहरी बल प्रयोग गरेर काठमाडौंको फोहोर खसाल्न सुरू गरेको हो। आफ्ना माग पूरा नहुँदासम्म फोहोर फाल्न नदिने भन्दै आन्दोलित स्थानीयमाथि प्रहरीले बल प्रयोग गरेको छ। त्यस क्रममा २ दर्जन बढीलाई नियन्त्रणमा लिइएको थियो। स्थानीयले संघर्ष समिति गठन गरेर लामो समयदेखि आन्दोलन गर्दै आएकोमा जनप्रतिनिधिबीच सम्झौता भएको थियो। सहरी मन्त्री रामकुमारी झाँक्रीको रोहवरमा काठमाडौं, नुवाकोट र धादिङका जनप्रतिनिधिबीच सम्झौता भएको थियो। सम्झौता अनुसार मंगलबारदेखि फोहोर खसाल्न ल्याउन भनेपछि बञ्चरेडाँडाका स्थानीय बिहानैदेखि धर्नामा बसेका थिए।

राजधानी काठमाडौं उपत्यकाको फोहोर विसर्जन समस्या निकै पेचिलो बन्दै गएको छ। काठमाडौं महानगरपालिकामा मेयर बालेन साहले पदभार संहालेको एक साता बितेको छ। यो अवधिमा उनी फोहोर विसर्जन गर्ने स्थल सिसडोल र बन्चरे डाँडा दुईपटक पुगिसकेका छन्। स्थानीयवासीका माग तथा गुनाहरूबारे अन्तरक्रिया गरेका छन्। फोहोर विसर्जनकै समस्यालाई लिएर उनले यो अवधिमा प्रधानमन्त्री शेरबहादुर देउवा, वाग्मति प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे, सहरी विकासमन्त्री रामकुमारी झाँक्री, प्रमुख प्रतिपक्षीदलका नेता केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, प्रधानसेनापति प्रभुराम शर्मालाईसमेत भेटिसकेका छन्। यसका अलवा सरोकारवाला पालिकाका मेयरहरूसँग पनि शाहले छलफल गरिसकेका छन्। फोहोर व्यवस्थापनका सन्दर्भमा मेयर शाहले निकै नै मिहिनेत गरेको देखिएको छ, तर प्रतिफल देखिएको छैन। उनले जसजसलाई भेटे आश्वासन मात्रै पाएका छन्, ठोस निर्णय पाएका छैनन्। उनले महानगर कार्यपालिकाको पहिलो बैठकमै फोहोर व्यवस्थापनलाई मुख्य एजेन्डा बनाएका थिए, तर वडाअध्यक्षहरूले सहयोगको संकेत देखाएनन्।

वास्तवमा काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन काठमाडौं महानगरपालिकाको बुताभित्र मात्रै छैन। उपत्यकाभित्र काठमाडौं र ललितपुर महानगरलगायत १८ वटा पालिका छन्। यी सबै पालिकाको फोहोर व्यवस्थापन एकीकृत र रूपमा नुवाकोटको ककनी गाउँपालिका-२ अन्तर्गतको सिसडोलमा हुँदै आएको छ। अब धादिङ जिल्लाको धुनवेसी नगरपालिका-१ बन्चरे डाँडामा हुँदै छ। यस हिसाबले उपत्यकाको फोहर व्यवस्थापनको मामिला पाँच वटा जिल्लाका २० वटा पालिकाहरूसँग प्रत्यक्ष जोडिएको छ। त्यसैले बाग्मती प्रदेश सरकार पनि यो मामिलामा निकै गम्भीर हुनुपर्ने आवश्यकता छ।

यसैगरी फोहोर विसर्जन हुने ठाउँ सिसडोल तथा बन्चरेडाँडा क्षेत्रका स्थानीय जनताले राखेका प्रायः सबैजसो मागहरू जायज छन्। फोहोर पीडितको सूचीमा राखेर उनीहरूका माग संवोधन गर्नु जरूरी छ। तर, उनीहरूका कतिपय मागहरू संघीय सरकारले मात्रै पूरा गर्न सक्छ। स्थानीय क्षेत्रको रोजगारी तथा भौतिक पूर्वाधार विकासको माग काठमाडौं महानगरपालिका एक्लैले पनि पूरा गर्न सक्ला, तर यो माग पूरा गरेर मात्रै समस्या समाधान हुनेवाला छैन। ल्यान्डफिल साइड क्षेत्रको करिब पाँच हजार रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने मागलाई संबोधन नगरेसम्म थप मागहरू आइरहने संभावना छ। उचित मुआब्जा दिएर त्यस आसपासको बस्ती हटाउने अधिकार संघीय सरकारलाई मात्रै छ।

काठमाडौं उपत्यकाको फोहोर समस्यालाई स्थायी रूपमा समाधान गर्ने ठोस प्रयास भएको ०४९ सालदेखि हो। ठ्याक्कै ३० वर्ष बितिसकेको छ, तर समस्या जहाँको तहीँ छ। अहिलेसम्म पनि बन्चरेडाँडा ल्यान्डफिल साइटसम्म भरपर्दो सडक बन्न सकेको छैन। बन्चरेडाँडा तथा सिसडोल क्षेत्रमा फोहोर थुपार्ने उपत्याका भित्रका पालिकाहरूको कुल बार्षिक बजेट ५० अर्ब रूपैयाँ हाराहारीमा छ। तर त्यहाँसम्म पुग्ने १०/१२ किलोमिटर सडक भरपर्दो ढंगले निर्माण हुन सकेको छैन। थुपारिएको फोहोर पनि व्यवस्थित रूपमा छोप्ने तथा पुर्ने गरिएको छैन। स्वास्थ्य तथा वातावरणीय दृष्टिले मात्रै होइन, आर्थिक दृष्टिले पनि त्यस क्षेत्रका बासिन्दा अन्यायमा परेका छन्। यो समस्याको स्थायी समाधान बनेको उचित मुआब्जा दिएर त्यस आसपासको जग्गा अधिग्रहण नै हो। यसैगरी त्यस क्षेत्रसम्म फोहोर लैजाने भरपर्दा र वैकल्पिक सडक निर्माण पनि जरूरी छ।

शहरी र एकीकृत ग्रामीण बस्तीको नीति-३

सुदर्शन प्रधान

स्कुल, कलेज, अस्पताल, कृषि तथा पशुपालन, पुस्तकालय, राजनैतिक, सामाजिक, सांस्कृतिक अनुसन्धान केन्द्ररु, बालविकास केन्द्र, वृद्धाश्रम, खेलकुद मैदान, प्रशिक्षण केन्द्रजस्ता कुराहरू पनि आवश्यक र उपर्युक्त स्थलहरूमा निर्माण गरिनु पर्छ। माथिका कुराहरूले सम्पूर्ण जनताको सुख, शान्ति र सम्मृद्धि हुनेछ।

मूल कुरा त माथिको अवधारणा व्यवहारमा कार्यान्वयन भएपछि यहाँको ७५ प्रतिशतभन्दा अधिक जग्गा जमिनहरू वन्य जीवजन्तु र पक्षीहरूको लागि पुनः विचरण गर्ने वासस्थान बन्नेछ। त्यसको लागि अघि भएका तर मानवीय क्रियाकलापहरू भनौं सिकार, डढेलो, वनजंगल फँडानी, बस्ती विस्तार, अन्धाधुन्द जग्गा जमिनको बाँडफाँड, रासायनिक विषादीको प्रयोगले र यस्तै प्रकृतिकनाशक कुराहरूले लोप भएका वन्य जीवजन्तु पंक्षी र वन-वनस्पतिहरू खोजी खोजी ल्याएर छोड्नुपर्छ, बोटबिरुवा, जडिबुटी, फलफूलहरू वनजंगलको भित्र भित्र गएर लगाउनु पर्छ।

एउटा पर्यावरण संगठन जीवन्त रूपले अनन्तकालसम्मका सक्रिय भइरहनु पर्छ, सम्पूर्ण जनसमुदायका मानवहरू हावा, पानी, माटोमा उब्जने खाद्यान्न र अन्य सम्पूर्ण उपभोग्य वस्तुहरूबाट जिइरहेछन् भने यो महान् धर्तीमाताको आजीवन सेवा गर्नु कर्तव्य

पनि हो नि त! तसर्थ हरेक व्यक्ति धर्तीप्रेमी बन्नुपर्छ, बनाउनु पर्छ। जसले यो महान् अभियानलाई इन्कार्छ र बेवास्ता गर्छ तिनले यो भूमिमा, यो पृथ्वीमा, यो जगत्मा, यो माटोमा जिउने नैतिक अधिकार त्यागेको ठहरिन्छ। किनकि उनको मातापिता र पुर्खाहरू पनि यहाँको हावा, पानी र खाद्यान्न उपभोग गरेर जिएका हुन् र उनी पनि जन्मेका हुन्।

धर्तीको अनन्तकालसम्म संरक्षण गर्न र भावी सम्पूर्ण सन्ततिहरूलाई स्वस्थ र स्वच्छ यो पृथ्वी हस्तान्तरण गर्दै जान यो बाहेक अर्को विकल्प छैन। वर्तमान मानवजातिको संस्कार र संस्कृति, प्रवृत्ति र परम्परा, मूल्य र मान्यताहरू प्रायः सबै प्रकृति नाशक भएकाले निर्मम र कठोर नीति अपनाउन मातृवादी र धर्तीयोद्धाहरू विवश छन्। तब आज समाज र संसारकै मानव मण्डललाई डगमगाएको कोरोनाजस्तो अरू घातक भाइरसहरूलाई सधैंका लागि बिदा दिन सकिन्छ र भावी सन्ततिको सुरक्षा गर्न समर्थ भइन्छ।

माथिको नीतिले मानवजातिलाई एउटै समस्या आइलाग्नेछ, त्यो के भने हिंस्रक जनावरहरूबाट वनजंगल किनारको बस्ती र कृषिफर्म, पशुपालन फर्महरूमा बेलाबेला आक्रमण भइरहनेछ। यो समस्याको निराकरण कसरी गर्नुपर्छ भने वनजंगलमा हुने हरिण, मृग, घोरल, जरायो, बँदेलहरूको सिकार मानव जातिबाट नभएपछि हिंस्रक जनावरको आक्रमण न्यून हुनेछ। यो न्यूनलाई पनि अझ घटाउन सम्भावित ठाउँहरूमा १२ फिटे तार जालीहरू लगाउन सकिन्छ, बारबन्देज गर्न सकिन्छ।

प्राकृतिक जंगलभित्र कुनै पनि दखल नदिएपछि प्रकृतिले आफ्नो सन्तुलन स्वयं मिलाउँछ। जुन प्रकृतिमाथि आज मानव जातिको तर्फबाट भीषण आक्रमण भइरहेछ, समाज र संसारभरि। अब १८० डिग्री फन्को मार्ने पथमा लाग्नु पर्छ। निजी सम्पत्ति र एकनिष्ठ परिवारको जगमा उभिएर अवलोकन गर्दा माथिका कुराहरू सबै काल्पनिक र असम्भव देखिन्छ। तर सोभियत रुसमा लेनिन-स्टालिनको नेतृत्वमा एक शताब्दी अघि, चीनमा माओत्सेतुङको नेतृत्वमा ७३ वर्ष अघि, क्युबामा फिडेल क्यास्त्रो-चेग्वेवराको नेतृत्वमा ६३ वर्षअघि क्रमशः रुसी जनता, चिनियाँ जनता र क्युबेली जनताले कुन स्तरको क्रान्ति? सम्पन्न गरी त्यहाँको आमूल संरचनाहरू परिवर्तन गरेर सम्पन्न र समृद्धि मार्गमा लागे भन्ने कुरा घामझैं छर्लङ्ग छ। मूल कुरा आम जनताले परिवर्तनको अनुभूति गरी मैदानमा जीवनमरणको संघर्ष गर्न तयार भएपछि जस्तोसुकै बादशाहहरूले पन धुलो चाट्नेछ। नेपालको २०६२।०६३ सालको क्रान्ति (दोस्रो जनआन्दोलन) मा नेपाली जनता संघर्षको मैदानमा बाढीझैं उर्लेपछि २ लाखभन्दा बेसी सशस्त्र शक्ति भएको राजा ज्ञानेन्द्रले घुँडा टेकेको भर्खर १५ वर्ष त भयो नि!

स्मरण रहोस्, यो पर्यावरण क्रान्तिपश्चात् स्थापना हुने राज्य व्यवस्थाले विश्वभरि नै एक महान् सन्देश दिनेछ, खुद रुस, चीन र क्युबालाई समेत। किनकि वर्तमान तिनको कदम अरू देशहरूको झैं प्रकृति भनौं पृथ्वीको आयु छोट्याउने खालको।

माथि बन्दीपुर गा.पा. का २५ हजार जनताको पर्यावरण मैत्री व्यवस्थापन भएझैं भानु नगरपालिकाका झण्डै ३५ हजार जनताको व्यवस्थापन पनि दुरुस्तै गर्न सकिन्छ। भन्सार नाइसुटार, चुँदी टुहुरेपसल, बाइस जाँघरजस्ता ४,५ वा फाँटहरूमा एकीकृत बस्ती बसालेर त्यहाँ पनि ७५ प्रतिशत भूभागलाई वनजंगल र वन्य जीवजन्तु पक्षीहरूको अब्बल दर्जाको बासस्थान निर्माण गर्न सकिन्छ। साँच्चि नै देशभरि यो नीति अपनाउन सकिन्छ।

कुनै कुनै जिल्ला र सिङ्गो भेकलाई समेत स्थानान्तरण गरी एकीकृत बस्तीहरू बसाल्न सकिन्छ। जस्तै- मुस्ताङ जिल्ला र मनाङ जिल्लाको सम्पूर्ण जनतालाई कास्की जिल्ला, तनहुँ र लमजुङ जिल्लामा सजिलै व्यवस्थापन गर्न सकिन्छ जहाँ झण्डै १५ हजार जनसंख्या छ। त्यसरी नै गोर्खाको हिमालपारिका चुम उपत्यकाका जनतालाई र हिमाल काखका विकट भेकका जनतालाई मर्स्याङ्दी नदी किनार तथा आसपास राम्रो व्यवस्थापन गर्न सकिन्छ।

(क्रमशः)

मैले देखेको २१० औं विश्व पर्यटकीय स्थल
सोल दक्षिण कोरियाको Myeongdong बजार

सुरेन्द्र ढकाल

बाहिरबाट हेर्दा मेओंगदोगको क्याथेड्रल

माथिबाट हेर्दा सामसुङ परिसर

बजारमा महँगा लुगादेखि गहनासम्म नपाइने भनिएको केही पनि नहुने रहेछ

चखाउनका लागि तयार गरिएका चियाहरू

मेओंगदोग बजार क्षेत्रमा हुने पर्यटकको भीड

खानेकुराको बजार उत्तिकै आकर्षक रहेछ

सामसुङ मुख्यालयको प्रवेशद्वार भित्र

सोलको मेओंगदोग बजारमा सुरेन्द्र मे २०१६ मा

सोलको दरबार क्षेत्र र लोत्ते वर्ल्ड घुमिसकेपछि ३१ मे बिहानै होटलमा ब्रेकफास्ट गरी पहिला सामसुङ कम्प्लेक्स घुम्यौं । दक्षिण कोरियाले सूचना प्रविधि विशेष गरी मोबाइल फोन उत्पादनको क्षेत्रमा गरेको विश्वस्तरीय प्रगतिको झलक त्यस कम्प्लेक्समा हेर्न पाइँदो रहेछ । कम्प्लेक्सको मुख्य भवनको प्रवेश द्वारमा नै हामी रोटेरियनहरूलाई सम्मान गरी निशुल्क इलेक्ट्रोनिक बैण्ड हाम्रो नारीमा बाँध्ने काम गरेपछि भवनको प्रवेशद्वारबाट हामी भित्र पस्यौं । हामी करिब ३४ जना नेपाली रोटेरियनहरूमध्ये त्यहाँ भित्र गई सामसुङको उत्पादन खरिद गर्नेमध्ये १ जनालाई सामसुङको Tab निशुल्क चिठ्ठा पर्ने जानकारी पनि गराइयो ।

हामी करिब १ घण्टाजति घुमेर सोही ठाउँमा आइपुग्दा हामीमध्ये एक जना मित्रको नाममा चिठ्ठा परेको घोषणा गरेपछि सम्मान साथ उनलाई Tab प्रदान गरियो । अनि हामी आआफ् नो बैण्ड नारीबाट फुकालेर बाहिर निस्कियौं । सामसुङ कम्प्लेक्स घुमेपछि हामीलाई मेओंगदोग (Myeongdong) बजार पुऱ्याइयो ।

मेओंगदोग (Myeongdong) बजार

मेओंगदोग पुगेपछि त्यस दिनको लन्च पनि हामीलाई ट्राभेल एजेन्टले खुवाउने कार्यक्रमअनुरुप दिनको १२:३० भइसकेको कारण त्यहीको एक रेस्टुराँमा हामी पहिले खाना खानेतर्फ लाग्यौं । करिब एक घण्टा खाने काममा बिताएपछि हामी बजार घुम्नतर्फ लाग्यौं । हाम्रो काठमाडौंको ठमेलजस्तो लाग्ने उक्त बजारमा हामीले केही सोभेनियर खरिद गरेपश्चात् धेरै समय हामीलाई त्यहाँको चिया बजारमा लगियो । जहाँ विभिन्न प्रकारका चियाहरू हामीलाई निशुल्क चाख्न दिइयो । युरोपमा घुम्दा जसरी अंगुरको रक्सी (वाइन) किन्नुभन्दा अगाडि चाख्न दिइन्थ्यो त्यहाँ त्यसै गरी सानो सिसा वा पोर्चेलानको कपमा विभिन्न स्वादका चियाहरू चाख्न दिइँदो रहेछ ।

हामीले विभिन्न स्वादका चियाहरू चाख्यौं । हामीमध्ये केही रोटेरियन मित्रहरूले चियाका पत्ता तथा धुलोहरू खरिद गर्नुभयो । तत्पश्चात् हामी दुई घन्टापछि त्यही स्थलमा भेटने निर्णय गरी स्वतन्त्र रुपबाट आफ्नै तालमा मेओंगदोग बजार इलाका घुम्न थाल्यौं ।

करिब एक वर्गकिलोमिटरमा फैलिएको यस बजार क्षेत्र राजधानी सोलको मुख्य व्यावसायिक र पर्यटकीय क्षेत्र पर्दो रहेछ । संसारकै ९ महँगो सहरमध्ये एकमा पर्ने यो बजार इलाकामा नै क्याथेड्रल र नान्ता नाचघर समेत रहेछ । कोरियाको जोसेओन वंशको पालामा स्थापना भएको यो बजार एरिया पहिले निजी निवासको रुपमा विकास गरिएको भए तापनि पछि गएर क्रमशः बजार क्षेत्रमा परिणत हुँदै गएको रहेछ ।

विशेष गरी सन् १९६० को युद्धपश्चात् यहाँको अर्थतन्त्र बेस्सरी उँभो लागेको रहेछ । यहाँ बैंक, वित्तीय संस्था, बिमा संस्थाहरू केन्द्रित हुनुको अतिरिक्त राजनीतिक जुलुसदेखि विरोध ऱ्याली हुँदै सबै किसिमका क्रियाकलापहरू हुँदा रहेछन् ।

सन् २००० को मार्च महिनादेखि यो बजार विशेष पर्यटन प्रवर्द्धन क्षेत्र भनी तोकिएको रहेछ । राजधानी सोलको मात्र नभई विश्वकै विलासी वस्तुहरूको किनबेच हुने यो बजार युवायुवतीहरूको फेसन प्रदर्शनको पनि केन्द्रबिन्दु रहेछ । विभिन्न परिकारका खानेकुरा समेत पस्कने, हिँड्दा हिँड्दै खान मिल्ने यो बजार घुमेर फर्कने जनसंख्या (Floating Population) मात्रै दिनको २० लाख हुने रहेछ ।

सन १९८२ देखि नै यहाँ मार्च र सेप्टेम्बर महिनामा गरी वर्षको दुइपटक संगीत, नृत्य अनि फेसन सोजस्ता क्रियाकलापले भरिपूर्ण सडक मेला (Street Festival) को आयोजना हुन सुरु भएको रहेछ । सन २०१२ मा यही बजार क्षेत्रमा केओनान विश्व नृत्य फेस्टिवलको पनि आयोजना भएको रहेछ ।

बजारमा रुमल्लिँदै, विण्डो सपिङ अनि वस्तुहरू अवलोकन गर्दागर्दै दुई घण्टा त निमेषमै बितेको जस्तो हुँदो रहेछ । यस बजार क्षेत्रको अवलोकन गरेपश्चात् राजधानी सोल अवलोकन गर्ने हाम्रो कार्यक्रम सम्पन्न भएको थियो । भोलिपल्ट जुन १, २०१६ का दिन भएको रोटरी कन्फरेन्सको समापन समारोहमा भाग लिई त्यही दिन बेलुका सोलबाट उडी बैंकक हुँदै जुन २ तारिखको दिन बेलुकी हामी काठमाडौं फर्कियौं ।

धर्म/संस्कृति

धार्मिक स्वतन्त्रताको परिणाम

प्रा.भवानीप्रसाद खतिवडा

धर्मनिरपेक्षताको सट्टा धार्मिक स्वतन्त्रताको पनि प्रसङ्ग उठेको छ तर यो प्रस्ताव पनि सान्दर्भिक छैन किनकि धर्म (कर्तव्य कर्म) अर्थात् गर्न लायक असल आचरणबाट वा कर्तव्य कर्मप्रति स्वतन्त्रताको नीति अवलम्बन गर्दाको परिणाम के हुन्छ भन्ने कुरा अस्ति संविधानको मस्यौदा प्रस्तुत गरेकै दिन त्यही सभामा सभामुखकै सामु प्रस्तुत भएको क्रियाकलापबाट नै स्पष्ट भइसकेको छ । त्यो अरू केही होइन संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको परिणाम हो भन्दा अतिशयोक्ति नहोला । यस्तै अरू पनि समस्या यो धर्मनिरपेक्ष वा धार्मिक स्वतन्त्रताले नभित्र्याउला भन्न सकिन्न । त्यसकारण धार्मिक स्वतन्त्रता पनि संविधानमा राख्नु उपयुक्त हुँदैन । अतः राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक वा कार्यपालिका, न्यायपालिका, विधायिकाको कुनै पनि क्षेत्रमा कोही पनि कर्तव्य कर्म (असल आचरण) रूप धर्मबाट स्वतन्त्र रहन सक्दैन र रहनु पनि हुँदैन । यदि असल आचरण रूपधर्मबाट स्वतन्त्र हुने हो भने मनुष्य दुई खुट्टे पशुमा परिणत हुन्छ । नीतिमा पनि भनेको छ- "धर्मेणहीनःपशुभिः समानः ।

अतःयस विषयमा सबै जनता सशंकित छन् कि ? धर्मनिरपेक्ष राज्य घोषणा गरेर के सबै जनतालाई पशुतुल्य तुल्याएर डलर प्रिय केही स्वार्थी व्यक्तिहरूले अकण्टक राज्य गर्ने धृष्टता गरेको त होइन ? यदि हो भने यो दुःसाहस कदापि सफल हुनेवाला छैन । किनकि तपाइँ आफूभन्दामाथि कसैलाई मान्नु हुन्न अर्थात् धर्मनिरपेक्षताको दुहाई दिँदै जन्म दिने बढाउने, पढाउने मात्र नभएर प्राणान्त समयमा पनि मेरो छोरो ठूलो मान्छे होस् ज्ञानी होस्, निरोगी होस् कहिलै दुःख नपाउहोस् भन्दै मर्ने बाबु आमाको किरियासम्म पनि गर्नु हुन्न भने तपाइँलाई एवं तपाईको भनाइ, आदेश वा निर्देशन मान्नै पर्दछ भन्ने के छ ? स्वतन्त्रताको नाममा वर्तमान नेतृत्व वर्ग निरंकुश भएझैं सबै स्वतन्त्र हुने हो भने यो संविधान नै किन चाहियो ? तसर्थ सर्वप्रथम धर्म भनेको रिलिजन हो भन्ने भ्रमबाट मुक्त भएर असल आचरण वा आफ्नो आत्मा नै धर्म हो भन्ने यथार्थलाई बुझौं ।

रिलिजन भनेको त संस्कृति हो, धर्म होइन । सनातन धर्मबाहेक विश्वमा सबै संस्कृति परिवर्तनशील छन् । अपरिवर्तनीय तत्व त एकमात्र सनातन धर्म हो किनकि 'सनातन' शब्दको विश्लेषण गर्दा विश्लेषकहरूले भनेका छन् सदा भव सनातन अर्थात् सधैं भइरहने तत्व नै सनातन हो । सनातन शब्दका पर्यायवाची शब्द हुन् शाश्वत्, ध्रुव्र, नित्य र सदातन । एतावता के सिद्ध हुन्छ भने सनातन भनेको त्यो शाश्वत् वस्तु हो जसले यो विश्वलाई धारण गरेको छ । तब न धर्म शब्दको व्युत्पत्ति गर्दा भनिन्छ धारणाद्धर्ममित्याहुः अर्थात् यो पिण्ड ब्रह्माण्ड सबैलाई धारण गरेको हुनाले नै त्यो नित्य शाश्वत् सनातन तत्वलाई नै सनातन धर्म भनेको हो । त्यसकारण धर्मका दुईटा स्वरूप छन् । एउटा साध्य रूप धर्म र अर्को साधन रूप धर्म । साधन धर्म भनेको कर्तव्य कर्म हो भने साध्य धर्म भनेको शाश्वत् ब्रह्म वस्तु हो ।

विश्वलाई धारण गर्ने ब्रह्म वस्तु पनि धर्म र विश्वले आचरणद्वारा धारण गरिने कर्तव्य कर्म पनि धर्म हो । तव न महाभारतमा भनेको छ "धर्मस्यतत्वं निहितं गुहायां महाजनो येनगतः स पन्थाः अर्थात् धर्मको तत्व (पारमार्थिक रूप) अत्यन्त रहस्यमय छ । यसलाई परिवर्तनशील सम्झ । यो रहस्यमय धर्म बुझ्न महापुरूषले अपनाएको बाटो हिँड । अतः धर्मो रक्षति रक्षितः अर्थात् आफूले धर्मको रक्षा गरेमात्र आफूलाई धर्मले रक्षा गर्दछ । यसको वैज्ञानिक पक्षलाई समयमै बुझेका अधिकांश नेपली जनताको संविधानतः धर्मसापेक्ष हिन्दूराष्ट्र नेपालको सभ्यतालाई सुरक्षित गर्दै सभ्य समाजको पंक्तिमा उभिन नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न सनातनधर्म सापेक्ष हिन्दूराज्य हुनैपर्दछ भन्ने अभिमत रहेको छ ।

यो पन्चानब्बे प्रतिशत नेपाली जनताको आन्तरिक भावनालाई वर्तमान नेतृत्व पंक्तिले समयमै बुझ्नु पर्दछ । जननिर्वाचित कार्यकारी प्रमुख र हिन्दूधर्मको पक्षमा प्राप्त पन्चानब्बे प्रतिशत सुझावलाई संविधानसभाले अवमूल्यन गर्ने धृष्टता गरेको छ । यो कुरा जनतालाई सह्य हुनेछैन धर्मनिरपेक्ष शब्दांकित संविधान हिन्दूधर्म प्रेमी जनताहरूका लागि स्वीकार्य हुनेछैन यस्तो संविधान घोषणा भएका दिन अस्ति संविधानको मस्यौदा घोषणा भएका दिनको दृश्य नदोहोरिएला भन्न सकिन्न । अतः यो भावनालाई कदापि नकारात्मक दृष्टिले हेर्नु हुँदैन । हेरियो भने त्यसको परिणाम कविशिरोमणि लेखकनाथ पौडयाज्यूले भनेझैं भयावह हुनेछ ।

कवि शिरोमणिले भनेका छन-

यो विद्याले सबैका हृदयबीच ठूलो उन्नति भ्रान्ति पारी
दैवी सम्पत्ति मैत्री शमदम करूणा शान्ति सन्तोष मारी
खित्का छोडेर गर्दा जटिल जहरिलो ग्याँसको अट्टहास
को हेर्ने सास फेरी उसबखत कठै सृष्टिको सर्वनास

यसरी विचार गर्दा धार्मिक स्वतन्त्रताको परिणाम कदापि सकारात्मक हुँदैन भन्ने कुरा धार्मिक स्वतन्त्रताका पक्षधरहरूले समय मै बुझ्नु जरूरी छ । वर्तमान परिप्रेक्षमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सनातन धर्म संस्कृतिको पक्षमा आवाज उठिरेहका छन् । यसरी स्वतःस्फूर्त रूपमा उठेका आवाजलाई उपेक्षा गर्ने हो भने पहाडबाट प्रस्फुतित भएका गंगा प्रवाहले आफ्नो गन्तव्य आफैं निर्धारण गरेझैं यो जनभावनाले पनि आफ्नो गन्तव्य आफैं तय गर्ने छ । तर यो विशाल जनभावानात्मक बाढीलाई यो डलरप्रिय राजनीतिक शक्तिले धान्न सक्ला कि नसक्ला ? यसको उत्तर चाँहि भविष्यले नै दिनेछ ।

आफ्नो राष्ट्रको राष्ट्रियता स्वाभिमान र गौरव विचलित हुने गरी खुलेआम धर्म परिवर्तनका श्रृंखलाहरू नचलाइएको भए यो शान्तिप्रिय सनातन हिन्दू समाज यति आन्दोलित हुने थिएन । तर एक किलो चामल र एक पत्ता सिटामोलमा पनि सनातन संस्कृतिको विनियम गर्ने गराउने काम अति नै द्रुत गतिमा भएको र यसको निरन्तरता नै धार्मिक स्वतन्त्रताको उद्देश्य हो भन्ने कुरा बुझेर हिन्दूधर्मलाई बचाउन विरोध, प्रदर्शन, सत्याग्रह र आमरण अनशनसम्मका कठोर कार्यक्रम सञ्चालन भैरहेका छन् । भूकम्पको विपत्तिमा परेर आत्तिरहेका निरीह मानवहरूलाई १ किलो चामल र १ पोका नुनका साथ बाइबल वितरण गर्दै हिंड्नु कतिसम्मको स्वार्थीपन हो त ? आफैं विचार गरौं । त्यसकारण धार्मिक स्वतन्त्रताको नाममा धर्मप्रेमी ॐकार परिवारलाई झुक्याएर एकपत्ता सिटामोलमा हिन्दूधर्मको खुलेआम बिक्री वितरण गर्ने वातावरण सृजना गर्न पाइँदैन । तसर्थ यो विषयमा समयमै संविधाननिर्माता नेताहरूले ऋषिमना मनले सोच्नै पर्दछ । नसोचे यसको परिणाम नराम्रो हुनेछ ।

राजनीतिक द्वन्द्वजस्तो मात्र होइन धार्मिक द्वन्द्व जोकी आज बाझ्यो भोलि मिल्यो । यो त अत्यन्त भयावह हुन्छ । यस विषयलाई लिएर आमरण अनसन मात्र होइन आत्मदाहसम्म पनि हुन सक्छ । किनकि साम्प्रदायिक द्वन्द्वका कारणले आत्मदाह गरेका उदाहरणहरू विश्वमा प्रशस्त पाइन्छन् । त्यसकारण धार्मिक स्वतन्त्रताका नाममा द्वन्द्व भित्र्याउने काम नगरौं । सबै धर्मको उद्गमस्थल सनातन धर्मलाई राष्ट्रिय धर्म मानेर आफ्नो आफ्नो संस्कार संस्कृतिअनुसार बाँच्न र बचाउन सिकौं र सिकाऔं । यसैमा सबैको कल्याण छ ।

समाचार

भारतीय सीमासँग जोडिने सडक निर्माण

कपिलवस्तु । कपिलवस्तुको यशोधरा गाउँपालिका भारतीय सिमासंग जोडिएको गाउँपालिका हो । भारतीय सीमासँग जोडिएको हुँदा कृषि, उद्योग, पर्यटन, व्यवसायमा अत्याधिक लाभ लिन सकिने भए पनि भौतिक पुर्वाधारको कमिको कारण पछाडी परेको यशोधरा गाउँपालिका अध्यक्ष शिव दयाल तिवारीले बताए । गाउँपालिकामा बन्दै गरेको ८.५ किलोमिटर कालोपत्रे सडक सिलन्यास कार्यक्रममा बोल्दै अध्यक्ष तिवारीले पालिकाले ठोस योजना बनाउन नसक्दा विकासको सवालमा कमजोर भएको बताए ।

नवनिर्वाचित पालिका अध्यक्ष तिवारीले गाउँपालिकामा स्वास्थ्य, शिक्षा, कृषि, सिंचाईको अवस्था परीवर्तनका लागि प्रदेश र संघीय सरकारका ठुला योजना समेटिनु पर्ने बताए । गाउँपालिकामा उच्च शिक्षा अध्ययन गर्न क्याम्पस नभएको हुँदा स्थापनाको लागि पालिकाले योजना बनाउने बताए । उनले गाउँपालिकामा विपन्न समुदायको घरधुरी धेरै भएको हुँदा खरको छानो मुक्त बनाउनको लागि प्रयासरत रहने समेत बताए ।

फैलिँदै मंकीपक्स

विश्वका २० देशमा मंकिपक्सको संक्रमण पुष्टि भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले शुक्रबार दिएको जानकारी अनुसार विभिन्न देशमा मंकीपक्सबाट संक्रमितहरूको संख्या बढ्दै गइरहेको छ ।

उनीहरूले विश्वभरि अहिलेसम्म २०० जनामा मङ्कीपक्सको संक्रमण पुष्टि भएको जनाएका छन् । 'हामीलाई प्राप्त विवरण अनुसार विश्वभरि अहिलेसम्म झण्डै दुई सय जनामा संक्रमण पुष्टि भएको छ भने अरु एक सयभन्दा बढीमा शङ्कास्पद लक्षण देखिएको छ,' डब्लूएचओका अधिकारीको भनाइ छ ।

मङ्कीपक्स भाइरसका बारेमा धेरै मानिसले ध्यान नदिएको र दिन प्रति दिन फैलिदैं गएकाले यसले विश्वभरलाई प्रभावित पार्न सक्ने भन्दै धेरैले चिन्ता व्यक्त गरेका छन् । यस भाइरसका कारण मानिसको मृत्यु नै हुने नगरेपछि संक्रमण छिटो-छिटो धेरै जनामा सर्ने र शारीरिक समस्या हुने गरेकोले उच्च सतर्कता अपनाउन चिकित्सकहरूको अनुरोध छ । डब्लूएचओका उच्च अधिकारीहरूले संक्रमण देखिएका मुलुकहरूमा थप फैलिन नदिने र नदेखिएका मुलुकहरूमा प्रवेश गर्न नदिनेगरी गरी काम गर्न पनि सबैलाई आह्वान गरेका छन् ।

मेलम्चीको पानी वर्षापछि मात्र

काठमाडौं । मेलम्ची खानेपानीको मुखढोका बन्द गरिएको छ । सिन्धुपाल्चोकस्थित मेलम्ची खानेपानी आयोजनाको मुहानमा वर्षा सुर भएकाले टनेलभित्र बालुवा गेग्रानसहित धमिलो पानी प्रवेश भएको भन्दै मंगलबार बिहान ८ बजेदेखि मुल ढोका बन्द गरिएको हो ।

बालुवा गेग्रानसहितको धमिलो पानी टनेलभित्र प्रवेश गरेको भन्दै टनेलको सुरक्षार्थ मुल ढोका बन्द गरिएको मेलम्ची खानेपानी आयोजनाले जनाएको छ । मुल ढोका बन्द गरिएसँगै महाँकालचौर पानी भण्डारण पोखरीमा पानी आउन बन्द भएको छ । आजैदेखि मेलम्ची खानेपानी बितरण समय तालिकासमेत हेरफेर गरिएको छ ।

नेपाल सरकार, खानेपानी मन्त्रालयले मेलम्ची मुहान जलाधार क्षेत्रको भौगोलिक अध्ययन गरि प्राप्त हुने प्रतिवेदनको आधारमा दिगो रूपमा मेलम्ची खानेपानी व्यवस्थापनको लागि प्रयास भइरहेको आयोजनाको भनाइ छ ।

बन्द गरिएको सुरूङमार्ग अब वर्षापछि मात्रै खोलिनेछ । गत वर्षको १ असारमा आएको बाढीका कारण मेलम्चीको मुहानमा क्षति पुगेको थियो । मर्मत सम्भार गरेर गत ११ वैशाखबाट पानी सुरूङमार्गमा पठाइएको थियो । अस्थायी संरचना तयार पारेर पानी सुरूङमा पथान्तरण गरिएको थियो

नियात्रा

स्मृतिको क्यानभासमा नयाँ रङ-७

✍ **रामप्रसाद पन्त**

केही साथीहरूको मत थियो– एक दिनअघि दिल्ली पुग्न पाए जयपुर घुम्न सकिन्थ्यो । विमति त कसैको नि थिएन तर जगदीश शम्सेरको आज्ञा विपरीत कदम चाल्ने साहस कसैमा थिएन । आपसमा कुरा गर्थे सबै तर बिरालोको घाँटीमा घण्टी कसले बाँध्ने ? कुनै मर्द निस्कन सकेको थिएन ।

हामी सिमला पुग्ने बित्तिकै जगदशीले बनाएको तीन दिने कार्यक्रम स्पष्ट थियो । जस अनुसार हामी तीन दिन सिमला टोपल्नेछौं र तेस्रो दिन बेलुका अर्थात् ३० अक्टुबरका दिन बेलुकामात्र दिल्ली प्रस्थान गर्नेछौं । त्यसै अनुसार बितेका थिए हाम्रा तीन दिन र त्यसैको पर्खाइमा थियौं आज हामी । आज अर्थात् .... २०७२ साल कार्तिक १४ गते र हामी अर्थात् मोहनबहादुर कायस्थ, रामबाबु सुवेदी, राधेश्याम लेकाली, पवन आलोक, सुमन ताम्राकार र यो पङ्क्तिकार । दिउँसो यात्रा गर्न पाएको भए भूगोल देख्न पाइथ्यो, प्रकृति देख्न पाइथ्यो, विकास देख्न पाइन्थ्यो र यात्रामार्गसँग परिचित हुन सकिन्थ्यो । मेरो मनको आवाज पनि यही थियो तर अर्को मनले तर्क गर्दै थियो– रात्री बसको अनुभव पनि त सँगाल्नुपर्‍यो, कति चढ्ने ट्याक्सी र हवाइजहाजमात्र ?

हो, यात्राका लागि पाइला चालिसकेपछि सबैकुरासँग सम्झौता गर्नुपर्छ । यात्रा सुविधामात्र पनि होइन र यात्रा दुःख पाउनुमात्र पनि होइन । मीठोमात्र होइन यात्रा, तीतोलाई मीठो बनाएर पिउन सक्नु पनि हो यात्रा । दुःखद् घटनालाई सुखद बनाएर आनन्दानुभूति गर्न सक्नु पनि हो यात्रा । त्यसैले निद हराम भए पनि जगदीशको प्रस्तावलाई मेरो एक मनले समर्थन गर्दै थियो ।

आखिर हामी त्यही निष्कर्षमा पुग्यौं । जगदीशकै सहयोगीको सहयोगबाट रात्रीबसको टिकट हात पर्‍यो हामीलाई । बस छुट्ने समय अघि पछि भए पनि बेलुका ८ बजेको समय उपयुक्त हुने ठहर थियो जगदीशको । उहाँको तर्क थियो– आठ बजेको टिकट भएपछि बेलुकाको खाना खान पनि भ्याइन्छ र भोलि बिहान अँध्यारोमै दिल्ली पुग्नु पनि पर्दैन । वास्तवमा जगदीश सिमला बस्न थालेको यति लामो कालखण्डमा कति मानिस पुगे उनलाई भेट्न र कति मानिस फर्के दिल्ली ! त्यो सबै अनुभव कति छ कति जगदीशसँग ।

त्यसै भएर हामी बजार घुमेर सात बजेभित्रै पुग्यौं जगदीश शम्सेरको घरमा । र, खाना खाएर तयार भयौं साढे सातसम्म । हाम्रा सामानहरू दिउँसै होटलबाट ल्याएर जगदीशकै घरमा थुपारिएको हुँदा सामान मिलाइरहनुपर्ने आवश्यकता पनि थिएन हामीलाई ।

खाना खायौं सधैं झैं बफेसिष्टमबाट,अनि हिँड्ने



बेलामा बाचा गर्‍यौं– हामी पुनः आउनेछौं, अवश्य आउनेछौं र धर्मशाला पुग्नेगरी आउनेछौं । जगदीशले पनि वाचा गर्नुभयो– म काठमाडौं आउनेछु र तपाईंहरूसँग यसै गरी प्रेमको अँगालोमा बाँधिनेछु ।

हाम्रो प्रतीक्षामा दुईवटा गाडी बाहिर प्रतीक्षित थिए । एउटा गाडी जगदीशपुत्र अमरले चलाउने छन् र अर्को गाडी उनका निजी ड्राइभरले चलाउने छन् । हाम्रा सामान सहयोगीहरूले ती दुईवटा गाडीमा बाँडिसकेका छन् ।

जगदीशबाट पाएको आत्मीयताको भुरी भुरी प्रशंसा गर्‍यौं हामीले । हार्दिक एवं भावपूर्ण बिदाइ भयो हाम्रो ।

जगदीश निवासबाट १४ किलोमिटर टाढा पर्दो रहेछ नयाँ बसपार्क अर्थात् अन्तर्प्रदेशीय बस अड्डा । नयाँ यसर्थमा कि त्यो बसपार्क बनेको पाँच वर्षमात्र भएको रहेछ, जुन हाम्रो नयाँ बसपार्क जस्तै रहेछ । मुख्य सहरभन्दा अलिकति टाढा अन्तर्प्रदेश वा अन्तर्राष्ट्रसँग सम्पर्क गर्ने बसअड्डा । अनि पुरानो बसपार्क, जुन बसपार्कबाट चल्ने बसहरू हाम्रो उपत्यकाकेन्द्री भएजस्तै सिमलाबाट ४५ किलोमिटर भन्दा टाढा नजाने रहेछन् ।

सिमलाको डाँडोमा हाम्रो गोंगबु बसपार्कको जस्तै विशाल फाँट कहाँ पाउनु ? अनि त तीन तलाको बसपार्क बनाइएको रहेछ त्यस डाँडोमा । पहिलो तलामा लागेको रहेछ – हिमाचल परिवहन निगमको हिमपुत्र बस ।

दुई जनाको दरले हाम्रा तीनवटा सिटहरू बसको मध्यभाग सुरक्षित थिए । तर सिमला-दिल्ली चल्ने रात्री बसको विशिष्टता जुन मैले कल्पना गरेको थिएँ, त्यस्तो पाइनँ । साँच्चै भनुँभने पूर्वतिर चल्ने प्रथम कोटिका हाम्रा बसहरूको सौन्दर्य पनि त्यस बसको थिएन ।

देहरादूनबाट सिमला पुग्दा जसरी हल्का उकालो उक्लिँदै गएका थियौं, त्यसैगरी ओर्लियौं हामी बिस्तारै तलतिर । अँध्यारो भएकोले टाढा टाढाको दृश्य देखिँदैनथ्यो तर तीन दिनअघि सिमलातर्फ जाँदा देखिएका बाटोछेउछाउका केही विशेष दृश्यहरू स्मृतिमा ताजा बन्दै थिए । यद्यपि हामी ट्याक्सीमा गुडेजस्तो स्वतन्त्र थिएनौं । बसमा थियौं, तथापि टाढा थिएनौं । बसको वल्लोपल्लो सिटमा सँगसँगै जस्तोगरी बसेका थियौं । हामीलाई कुरा गर्न गाह्रो थिएन । कुरा गरेको नसुनिने समस्या पनि थिएन । कुरा चलिरहेको थियो – भोलि दिल्लीमा हुने कार्यक्रमको । समय चार बजेको भनिए पनि समयको पालना हुने हो होइन ! कति मानिस बोलाइएका छन् ! कार्यक्रमको रुपरेखा कस्तो होला !

त्यही सिलसिलामा लेकालीले हाम्रो ध्यान मोडे काठमाडौंतर्फ –'हामीकहाँ एक दिनमा थुप्रै कार्यक्रमहरू हुने गर्छन् । कार्यक्रहरू जुध्छन् र समयको परिपालना पनि गरिँदैन । साहित्यिक कार्यक्रम गर्ने संस्थाहरूसँग सामञ्जस्य हुने हो भने यस्तो परिस्थिति सिर्जना हुने थिएन । दिन मिलाउन सकिन्थ्यो, समय मिलाउन सकिन्थ्यो । प्रमुख अतिथि वा वक्ता दोहोरिने समस्या रहँदैनथ्यो । अतिथिहरूले सबै ठाउँमा भाग लिन सक्थे र कार्यक्रमहरू पनि सफल हुन्थे । त्यसकारण संस्थाहरू मिलेर एउटा महासंघ बनाउनुपर्‍यो । त्यसको संयोजन बरु अनेसासले गर्छ ।

लेकालीको अन्तर्य बुझेर नेस्रसका अध्यक्ष आलोकले स्वविचार व्यक्त गरे– 'महासंघ नै बनाएर संघको अध्यक्ष तोक्ने पक्षमा त म छैन तर एउटा लुज कमिटि बनाएर कार्यक्रमहरूको संयोजन गर्न सकिन्छ । उनले मतर्फ पनि सङ्केत गरे । मैले भनें–'दावाप्रको विचार पनि त्यस्तै हो तर मेरो एकल निर्णयले मात्र पुग्दैन ।

हामी तीनजना बाहेक अरु तीन जना संस्थाका प्रतिनिधिमात्र भएकोले हाम्रो कुराप्रति समर्थनमात्र जनाए, विचार दिएनन् । अन्तर्विमर्श भयो– हामी ऐक्यबद्ध भएर लाग्यौं भने सरकारसँग हामीले साहित्यिक समृद्धिका लागि केही दबाब सिर्जना गर्न सक्छौं । शिक्षा मन्त्रालय र स्थानीय विकास मन्त्रालय मार्फत् नेपाल राज्यभर र विदेशमा पनि पत्रपत्रिका तथा किताबहरू बिक्री वितरण गर्न सक्छौं । डायस्पोरिक साहित्य र विदेशी साहित्यसँग पनि हामी पूर्णपरिचित हुन सक्छौं तथा देश विदेशमा नेपाली साहित्यको गरिमा र महिमा बढ्दै जान सक्छ ।

कुराको सुरमा हामीले देहरादूनतर्फ जाने (हामी आएको) मार्गलाई नाघेर धेरै अगाडि बढेछौं र पुगेछौं पचकुल्ला । पचकुल्ला त्यो मिलन विन्दु थियो, जहाँबाट अर्को मोटरमार्ग देहरादूनतर्फ लाग्थ्यो । जुन मार्गका बारेमा हामी देहरादूनबाट सिमलातर्फ जाँदा चालक विष्णु केसीले बताएका थिए । *(क्रमशः)*

स्वास्थ्य

मौसमी फ्लुलाई कति खतरा ?

कोभिड महामारीपश्चात् प्रभावित बनेको 'सामान्य रुघाखोकी' को उपचार अझै सामान्य हुन सकेको छैन । महामारीअघि मौसम परिवर्तनबाट हुने 'सामान्य रुघाखोकी'को उपचार गर्न जति बिरामी अस्पताल पुग्थे, त्यो दरमा अझै नपुगेको चिकित्सकहरू बताउँछन् ।

कोभिड महामारीभन्दा अगाडि सामान्य रुघाखोकीलाई गम्भीरताका साथ लिएको पाइँदैनथ्यो । मौसमी रुघाखोकी तीनदेखि पाँच दिनमा आफैं निको भएर जान्थ्यो । जसले गर्दा क्वारेन्टिन र आइसोलेसनमा त्यति ध्यान दिइएन । अझैसम्म पनि कोभिडको जोखिम कायमै रहेकाले फ्लुका लक्षणलाई बेवास्ता गर्न हुँदैन ।

'सामान्य रुघाखोकी'का लक्षण कोभिडका प्रारम्भिक लक्षणसँग मेल खाने भएकाले उपचारका लागि अस्पताल पुग्ने दरमा कमी आइरहेको चिकित्सकहरू बताउँछन् । छातीरोग विशेषज्ञ डा. निरज बमका अनुसार रुघाखोकी उपचारका लागि घरेलु उपचारमा निर्भर रहने वा औषधि पसलबाटै औषधि प्रयोगमा ल्याउने ट्रेन्ड बढ्दै गएको छ । उनी भन्छन्, 'पानी अत्यधिक पर्न थालेकाले रुघाखोकीको सिजन सुरु भएको छ । तर, अस्पतालसम्म बिरामी आइपुगेका छैनन् । अधिकांशमा मौसमी रुघाखोकी वा कोभिडका प्रारम्भिक लक्षण सामान्य घरेलु उपचारबाट निको हुने भए पनि बेवास्ताका कारण जटिलता निम्त्याउन सक्ने जोखिम छ ।'

कोभिडजस्तै 'सामान्य रुघाखोकी' पनि भाइरल भएकाले माथिल्लो श्वास नलीमा संक्रमणको जोखिम हुन्छ । मौसमी रुघाखोकी पनि एक सयभन्दा बढी मानव राइनो भाइरस सेरोटाइपका कारणले हुन्छ । यसकारण मौसम परिवर्तनका वेला रुघाखोकी, कोरोना भाइरस, प्यारा इन्फ्लुएन्जा भाइरस र एडेनो भाइरस संक्रमण हुन सक्ने भएकाले बेवास्ता नगर्न चिकित्सकहरूले आग्रह गरेका छन् ।

डा. बम भन्छन्, 'बारम्बार रुघाखोकी लाग्नुको कारण शरीरले एक किसिमको भाइरसविरुद्ध प्रतिरोधात्मक क्षमता विकास गर्दा अर्को सिजनमा अर्को भाइरसको सम्पर्कमा आउनु हो । धेरै अवस्थामा, कोभिडजस्तै भाइरसले शरीरको प्रतिरक्षा प्रणालीलाई उत्परिवर्तित गर्छन् र संक्रमण फैलन्छ । तसर्थ, मौसम परिवर्तनको समयमा विभिन्न खालका संक्रमणबाट बच्नका लागि कोभिड सावधानीका उपाय अभ्यास गरिरहनुपर्छ ।'

सामान्यतया मौसम परिवर्तन भइरहेको समयमा ज्वरो, नाकबाट सिँगान बग्ने, घाँटी दुख्ने, टाउको दुख्नेजस्ता सामान्य चिसोका लक्षणमा समेत क्वारेन्टाइनमा बस्ने अभ्यासलाई प्रोत्साहन र पालना गर्न आवश्यक रहेको चिकित्सकहरू बताउँछन् ।

डा. बम भन्छन्, 'कोभिड महामारीभन्दा अगाडि सामान्य रुघाखोकीलाई गम्भीरताका साथ लिएको पाइँदैनथ्यो । मौसमी रुघाखोकी तीनदेखि पाँच दिनमा आफैं निको भएर जान्थ्यो । जसले गर्दा क्वारेन्टाइन र आइसोलेसनमा त्यति ध्यान दिइएन । तर, महामारीले संक्रमणप्रति सचेत हुन सिकाएको छ । अझैसम्म पनि कोभिडको जोखिम कायमै रहेकाले फ्लुका लक्षणलाई बेवास्ता गर्न हुँदैन ।'

साताका चर्चित विश्व घटना

विष्णु भट्टराई

इस्लामिक देशको दबाबमा भारत

नयाँदिल्ली । भारतको सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) का एक प्रवक्ताको अभिव्यक्तिका कारण भारत सरकार कूटनीतिक समस्यामा परेको छ। एकैसाथ एकपछि अर्को इस्लामिक देशहरूको आपत्ति र विरोधको सामना भारतले गर्नुपरिरहेको छ।

इस्लाम धर्मका प्रवर्तक पैगम्बर मोहम्मदप्रति अनादर भाव जनाउने भाजपाका तत्कालीन प्रवक्ता नूपुर शर्माको अभिव्यक्तिले भारत मुस्लिम देशको निसानामा परेको हो। आधा दर्जनभन्दा बढी देशहरूले शर्माको अभिव्यक्तिप्रति कडा शब्दमा आपत्ति जनाएका छन्। भारतसँग निकट कतारले त झन् यस विषयमा भारत सरकारले माफी नै माग्नुपर्ने भनेको छ। कतार, कुवेत र इरानले त्यहाँ रहेका भारतीय राजदूतलाई बोलाएर गम्भीर आपत्ति जनाइसकेका छन्। ती देशहरूले भारतमा मुस्लिम अल्पसंख्यकमाथि ज्यादती बढेको र धार्मिक आस्थामाथि आक्रमण हुन थालेको भन्दै आपत्ति जनाएका हुन्। शर्माको अभिव्यक्तिप्रति विरोध जनाउने देशहरूको संख्या मंगलबार साँझसम्म २० पुगेको छ।

खाडी मुलुकबाट आएको तीव्र विरोधपछि भाजपाले आफ्ना राष्ट्रिय प्रवक्ता शर्मा र त्यस्तैखाले अभिव्यक्ति दिने दिल्ली प्रदेशका नेता नवीन जिंदललाई निलम्बन गरेको छ। साथै पार्टीका महासचिवले एक विज्ञप्ति जारी गर्दै भाजपा सबै धर्मलाई सम्मान गर्ने पार्टीका रूपमा रहेको जनाएका छन्। पार्टीका राष्ट्रिय महासचिव अरुण सिंहद्वारा जारी विज्ञप्तिमा भारतको हजारौं वर्षको इतिहासमा प्रत्येक धर्मले उत्तिकै सम्मान पाएको र हरेक धर्मसँग सम्बन्धित धार्मिक व्यक्तिहरूप्रतिको अपमानको भाजपाले निन्दा गर्ने जनाइएको छ। कुनै पनि सम्प्रदाय वा धर्मको अपमान गर्ने विचारधारालाई भाजपाले स्विकार्न नसक्ने उल्लेख छ।

५७ मुस्लिम देशको इस्लामिक संगठन (ओआईसी) ले शर्माको अभिव्यक्तिको निन्दा गर्दै भारतमा पछिल्लो दिनमा मुसलमानविरुद्ध हिंसाका घटना बढेका जनाएको छ। ओआईसीको वक्तव्यप्रति आपत्ति जनाउँदै भारतीय विदेश मन्त्रालयले भारत सरकारले सबै धर्मको सम्मान गर्ने गरेको दाबी गरेको छ।

साउदी अरब, कुवेत बहराइनलगायत अन्य कतिपय अरब देशका सुपर मार्केटमा भारतीय उत्पादनका सामानमाथि प्रतिबन्ध लगाइएका समाचार बाहिर आउन थालेका छन्। यूएई, जोर्डन, बहराइन, इन्डोनेसिया, अफगानिस्तान, पाकिस्तान, मलेसिया, माल्दिभ्स, लिबिया, इराकलगायत मुस्लिम देशहरूले भारतसमक्ष आपत्ति जनाइसकेका छन्। इजिप्ट र टर्कीले पनि शर्माको अभिव्यक्तिप्रति आपत्ति जनाइसकेका छन्। एकपछि अर्को देशले आपत्ति जनाउने क्रम बढेपछि भारत सरकार 'कूटनीतिक' दबाबमा परेको छ। खाडी देशसँग भारतको राम्रो व्यापारिक सम्बन्ध छ। भारतले खाडी देशबाटै ठूलो परिमाणमा इन्धन आयात गर्छ।

विदेश मामिलामा कलम चलाउने पत्रकार मोहम्मद शाहिद सिद्दकी यो स्तरमा विदेशी देशबाट भारतको आलोचना भएको पहिलो घटना भएको बताउँछन्। मुलुकभित्रको आन्तरिक राजनीतिले विदेश नीतिलाई प्रभावित पार्दै गएको उनको बुझाइ छ। पछिल्लो घटनाक्रमले भारतको अन्तर्राष्ट्रिय छविमा समेत धक्का पुगेको उनको भनाइ छ। 'खाडी मुलुकहरूसँग भारतको कसिलो आर्थिक सम्बन्ध छ। भारतको बेरोजगारीलाई धेरै हदसम्म ती देशहरूले थेगेका छन्,' उनले भने 'इन्धन वा कतिपय क्षेत्रमा भारतको

ठूलो निर्भरता ती देशमाथि छ। यसले भारतको अर्थतन्त्रमाथि नै दूरगामी असर पार्छ। एक पटक बिग्रेको सम्बन्ध सुधार्न धेरै समय लाग्न सक्छ।' उनले भारत सरकारले बेलैमा अन्तर्राष्ट्रिय जगत्लाई विश्वासमा लिनुपर्ने सुझाव दिन्छन्।

पछिल्लो समय भारतमा विभिन्न मस्जिदलाई लिएर हिन्दु पक्षले विवाद उत्पन्न गरिरहेका छन्। पुराना मस्जिदहरू कुनै समयमा मन्दिर रहेको भन्दै त्यहाँ पूजाआजाको माग उठ्न थालेको छ। त्यस्तै, मुस्लिम महिलाहरूले लगाउने हिजाबलाई लिएर पनि केही अगाडि भारतभरि विवाद उत्पन्न भएको थियो। अहिले सत्तारूढ दलका प्रवक्ताको अभिव्यक्तिले मुस्लिम देशहरूमाझ भारतमा अल्पसंख्यक मुसलमान असुरक्षित रहेको सन्देश प्रवाह भएको छ। कट्टर हिन्दुवादी पार्टी मानिने भाजपाको सत्तारोहणपछि भारतमा मुस्लिम समुदायको अस्तित्व संकटमा पर्न थालेको देशभित्रैका विपक्षी दल र मुस्लिम समुदायले आवाज उठाउँदै आएका छन्। यसै साता अमेरिकाले समेत भारतमा धर्मका नाममा अल्पसंख्यकमाथि ज्यादती भइरहेको रिपोर्ट सार्वजनिक गरेको थियो।

मे २६ मा भाजपा नेत्री शर्माले टाइम्स नाउ टेलिभिजनको एक कार्यक्रममा पैगम्बर मोहम्मदप्रति लक्षित गर्दै विवादास्पद अभिव्यक्ति दिएकी थिइन्। उनीविरुद्ध मुम्बई प्रहरीमा मुद्दासमेत परेको छ। उनको अभिव्यक्तिप्रति देशभित्र पनि कडा विरोध भइरहेको छ।

जुन ४ र ५ बाट अन्तर्राष्ट्रिय जगत्बाट मुस्लिम देशहरूले विरोध जनाउन थालेपछि कूटनीतिक सम्बन्धमा थप क्षति हुन नदिन भाजपाले प्रवक्ता शर्मा र अर्का एक नेतालाई जुन ५ मा कारबाही गरेको विज्ञप्ति निकालेको थियो। साथै भाजपाले सबै धर्मप्रति बराबरी सम्मान राखेको स्पष्टोक्ति दिएको हो। स्वयं शर्माले पनि आफ्नो अभिव्यक्तिलाई फिर्ता लिएको सार्वजनिक रूपमा उल्लेख गरेकी थिइन्। त्यति मात्रैले विरोधको स्वर नथामिएपछि भाजपाले आफ्नो 'इमेज' जोगाउन कडा प्रतिक्रिया दिने नेताहरूको लिस्ट नै तयार पारेर उनीहरूलाई विवादास्पद बयान नदिन निर्देशन दिएको समाचार आएको छ।

प्रवक्ताहरूलाई धार्मिक विषयमा धेरै विचार गरेर मात्रै बोल्न भनिएको छ। तर, कट्टर हिन्दुवादीको छवि बनाएको भाजपाभित्र मुस्लिम देशको दबाबमा आफ्ना नेतामाथि गरिएको कारबाहीलाई लिएर पनि विरोध भइरहेको छ। कतिपय नेता र कार्यकर्ताले यस्ता कारबाहीले कार्यकर्ताको मनोबल खस्किने भन्दै सार्वजनिक रूपमै आलोचनासमेत गरेका छन्। भाजपाका समर्थक र कार्यकर्ताहरूले मुस्लिम देश विशेष गरी कतारविरुद्ध ट्वीटरमा अभियान चलाएका छन्।

भारतीय राजदूतलाई बोलाएर आपत्ति जनाएको कतारले त्यहाँको भ्रमणमा रहेका भारतीय उपराष्ट्रपति बैंयेया नायडुलाई दिइएको डिनर कार्यक्रम आकस्मिक रूपमा रद्द गरेको थियो। भारतमा उत्पादित सामानलाई लिएर जनस्तरबाट चर्को विरोध भएको थियो। त्यसको प्रतिक्रियास्वरूप भारतमा 'बोइकट कतार एयरवेज' ह्यासट्याग ट्रेन्डिङमा पुगेको छ।

भाजपाले आफ्ना दुई जना नेतालाई मुस्लिमविरोधी अभिव्यक्ति दिएकाले कारबाही गर्नुको महत्त्वपूर्ण कारण खाडी देशको विरोध मानिएको छ। भारत इन्धनका लागि खाडी मुलुकमाथि निर्भर छ। भारतलाई दैनिक ५० लाख ब्यारेल तेल आवश्यक पर्ने गरेकामा त्यसको ६० प्रतिशत आपूर्ति खाडी देशबाट हुन्छ। अर्को भारतको बेरोजगारीलाई केही हदसम्म खाडी देशले समाधान गरिदिएका छन्। खाडी राष्ट्रमा करिब एक करोड हाराहारीमा भारतीय नागरिकले रोजगारी पाएका छन्।

यूएईमा ३५ र साउदी अरबमा ३० लाख भारतीय नागरिक रोजगारीका लागि पुगेका छन्। कतिपय ठूला उद्योगपति र लगानीकर्ताले पनि ती देशमा व्यवसाय गरिरहेका छन्। कुवेतमा १०, ओमान र कतारमा ८/८ लाख हाराहारीमा भारतीय छन्। विदेशबाट भारतमा आउने विप्रेषणमा खाडीले ठूलो हिस्सा ओगट्ने गर्छ।

कोरोना महामारीअघि खाडी देशबाट ६.३८ लाख करोड भारतीय रुपैयाँ भारतमा आएको थियो। यूएई, साउदी अरब, कतार, कुवेत र ओमानबाटै ठूलो रकम भित्रिने गरेको छ। ती देशहरूसँग भारतको व्यापारिक साझेदारी पनि ठूलो छ। भारतबाट हुने निर्यातको ठूलो साझेदार खाडी देशहरू छन्। भारतले यूएई, साउदी अरब, ओमान, इराक र कुवेतमा ३ लाख करोडभन्दा बढीको निर्यात गर्दै आएको छ।

जोन्सनलाई विश्वासको मत

लन्डन । कोभिड महामारीका बेला

आफ्नै सरकारले लागू गरेका प्रतिबन्ध उल्लंघन गरेपछि विवादित बनेका ब्रिटिस प्रधानमन्त्री बोरिस जोन्सनको प्रधानमन्त्री पद जोगिएको छ। घटनापछि तरंगित बनेको बेलायती राजनीति पछिल्लो समय रुस-युक्रेन युद्धका कारण त्यसतर्फ मोडिएको थियो।

तर सत्तारूढ दल कन्जरभेटिभका सांसदहरूले प्रधानमन्त्री जोन्सनले विश्वासको मत लिनुपर्ने भन्दै सोमबार प्रस्ताव दर्ता गराएपछि पुनः चासो बढ्यो। प्रस्तावउपर सोमबार राति भएको मतदानमा सत्तारूढ दल टोरीका बहुमत सांसदहरूले प्रधानमन्त्री जोन्सनलाई समर्थन गरेका छन्। कुल ३ सय ५९ सांसदमध्ये २ सय ११ जनाले जोन्सनको पक्षमा विश्वासको मत दिएका बीबीसीले जनाएको छ।

१ सय ४८ जना उनको विपक्षमा उभिए। मतदानमा ५९ प्रतिशत सांसदको समर्थन जुटाएसँगै जोन्सन थप एक वर्ष प्रधानमन्त्रीका रूपमा रहिरहने निश्चित भएको छ। तर सांसदहरूको विद्रोहसँगै जोन्सनको अधिकार खुम्चिएको आलोचकहरूको दाबी छ। केहीले उनलाई राजीनामा दिन पनि आह्वान गरेका छन्।

विश्वास मत प्राप्त गरेपछि प्रतिक्रिया जनाउँदै जोन्सनले नतिजा 'निर्णायक र धेरै राम्रो भएको' बताएका छन्। बेलायती महारानी एलिजाबेथ द्वितीयले राजगद्दी सम्हालेको ७० औं वार्षिक समारोह सकिएलगत्तै जोन्सनविरुद्ध पार्टीका सांसदहरूले विद्रोह गरेका हुन्।

टोरीका कम्तीमा १५ प्रतिशत सांसदले दलका नेता तथा प्रधानमन्त्रीमाथि विश्वास छैन भन्दै पार्टीको ब्याकबेन्च १९२२ कमिटीका अध्यक्ष सर ग्राहम ब्राडीलाई पत्र लेखेपछि उनले मतदान गराएका हुन्।

प्रधानमन्त्री जोन्सनले गत जुन २०२० मा आफ्नै कार्यालय टेन डाउनिङ स्ट्रिटमा आयोजित जन्मदिनलगायत पार्टीमा कोभिड नियम उल्लंघन गरेको पाइएपछि प्रहरीले जरिवानासमेत गरेको थियो। बहालवाला प्रधानमन्त्रीले जरिवाना तिर्नुपरेको बेलायती इतिहासमा पहिलो हो।

करिब ६६ मिलियन जनसंख्या रहेको बेलायतका प्रधानमन्त्रीले ईयूबाट बहिर्गमन (ब्रेक्जिट) मुद्दा र कोभिड महामारी मुख्य चुनौती सहज पार लगाए पनि आफैं कोभिड नियम उल्लंघन गरेपछि भने निकै आलोचित भएका हुन्।

केही टोरी सांसदहरूले कर वृद्धि र बढ्दो महँगीका विषयमा सरकारी नीतिप्रति असन्तुष्टि व्यक्त गर्दै आएका छन्। सन् २०१९ मा टेरेजा मेको राजीनामापछि सत्तारूढ कन्जरभेटिभ दलको नयाँ नेता चुनिएपछि जोन्सन प्रधानमन्त्री भएका थिए। त्यसअघि विदेशमन्त्री रहेका जोन्सनले पूर्वप्रधानमन्त्री मेको ब्रेक्जिट सम्झौताप्रति असन्तुष्टि जनाउँदै राजीनामा दिएका थिए। तर, पछि उनले मेलाई विस्थापित गरेर टेन डाउनिङ स्ट्रिट प्रवेश गरे। ब्रेक्जिट अभियानमा खुलेर लागेका जोन्सन सन् २००८ देखि ०१६ सम्म लन्डनका मेयर थिए।

डोन्बासमा चर्किंयो लडाइँ

मस्को। युक्रेनको डोन्बास क्षेत्रमा पछिल्लो समय युक्रेनी र रुसी सेनाबीच पुनः युद्ध चर्केको छ। दुई पक्षबीचको संघर्षका क्रममा एक रुसी जर्नेलको मृत्यु भएको जनाइएको छ।

रुसी सरकारी सञ्चारमाध्यमले युद्धका क्रममा सैनिक जर्नेल रोमन कुटुजोभको ज्यान गएको पुष्टि गरेको छ। युक्रेनी सशस्त्र फौजले पूर्वी डोन्बासस्थित युद्धस्थलमा कुटुजोभ मारिएका जनाएको छ। रुसले स्वतन्त्र राज्यको मान्यता दिएको दोनेत्स्क क्षेत्रबाट अघि बढेको सैन्य फौजको नेतृत्व कुटुजोभले सम्हालेका थिए।

युद्धका क्रममा कम्तीमा ७ जना वरिष्ठ रुसी अधिकारी मारिएका पश्चिमा देशहरूको भनाइ छ। तर आफ्नो जवाफी आक्रमणमा मारिने वरिष्ठ रुसी सैनिक अधिकारीको संख्या १२ पुगेको युक्रेनको दाबी छ।

पछिल्लो समय रुसी फौजले युक्रेनको राजधानी किभमा पनि भीषण आक्रमण गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। रुसले कैयौं सातापछि पहिलोपटक आइतबार किभका कतिपय स्थानमा हवाई आक्रमण गरेको हो।

रुसले युरोपेली देशहरूले पठाएका सैन्य सामग्री तथा हतियार रहेका ट्यांकमा आक्रमण गरेको जनाएको छ। तर रुसी सेनाले रेलवे मर्मत केन्द्रमा आक्रमण गरेको युक्रेनको दाबी छ।

रुसले मार्च अन्त्यमा युक्रेनी राजधानी किभ वरपरका क्षेत्रबाट आफ्ना सैनिकलाई फिर्ता लगेर डोन्बास क्षेत्रमा केन्द्रित गरेको थियो। त्यसयता रुसले उक्त क्षेत्रलाई नियन्त्रणमा लिने प्रयास गरिरहेको छ। उसले पूर्वी क्षेत्रको सयौं किलोमिटर भूभाग आफ्नो नियन्त्रणमा लिइसकेको छ।

पछिल्लो समय सेभेरोदोनेत्स्क क्षेत्रलाई नियन्त्रणमा लिने प्रयास जारी रहेका बेला पश्चिमा देशहरूले थप शक्तिशाली र विकसित खालका अस्त्र पठाउने प्रतिबद्धता जनाएका छन्। अमेरिकाले उच्च गतिसहितको रकेट प्रणाली एचआईएमएआरएस पठाउने घोषणा गरेको थियो।

उक्त रकेटले निकै टाढासम्म अचूक रूपमा निसानामा प्रहार गर्न सक्ने जनाइएको छ। बीबीसीका अनुसार अमेरिकाले उपलब्ध गराउने वाचा गरेको एचआईएमएआरएसले ७० किलोमिटर परसम्म प्रहार गर्न सकिने जनाइएको छ।

रुसी भूभागमा प्रहार नगर्ने युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीको प्रतिबद्धताफछि ती हतियारहरू युत्रेनलाई उपलब्ध गराउने निर्णय भएको अमेरिकी राष्ट्रपति कार्यालयले जनाएको छ। अमेरिकी सैन्य सहायता प्याकेजमा हेलिकोप्टर, ट्यांकविरुद्ध प्रयोग गरिने अस्त्र, रणनीतिक सवारीसाधनलगायत सैन्य सामग्री रहेका बीबीसीले जनाएको छ।

त्यस्तै, रुसी आक्रमणबाट युक्रेनी सहरलाई जोगाउन जर्मनीले आधुनिक वायु प्रतिरक्षा प्रणाली आइरिस-टी पठाउने प्रतिबद्धता जनाएको छ। युक्रेन युद्धमा रुसलाई पराजित गर्न पश्चिमा देशहरूले निरन्तर हतियार सहयोग गर्नुपर्ने युक्रेनी उपरक्षामन्त्रीको भनाइ छ।

यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पश्चिमा देशले युक्रेनलाई लामो दूरीसम्म प्रहार गर्न मिल्ने हतियार सहयोग गरे युक्रेनमा आक्रमण थप तीव्र पार्ने जनाएका छन्। हतियार सहयोग गरे युक्रेनी भूभागमा आक्रमण गर्ने लक्ष्यको सूची विस्तार गरी सार्वजनिक गरिने पुटिनको भनाइ छ।

'मेरो विचारमा पश्चिमा देशले थप हतियार आपूर्ति गर्नुको उद्देश्य सशस्त्र द्वन्द्वलाई सकभर लामो समयसम्म लम्ब्याउनु नै हो,' रुसी सरकारी टेलिभिजनसँगको कुराकानीमा पुटिनले भने। अमेरिकाले हाल युक्रेनका लागि गरिरहेको सहयोग कुनै नयाँ कुरा नभएको उनको भनाइ छ।

लामो दूरीका क्षेप्यास्त्रहरू पठाउने कदमप्रति भने पुटिनले कडा प्रतिक्रिया जनाएका छन्। 'यदि त्यस्ता हतियार आपूर्ति गरिए हामी उपयुक्त निष्कर्ष निकाल्छौं र हामीले अहिलेसम्म प्रहार नगरेका लक्ष्यमा आक्रमण गर्छौं,' उनले भने, 'त्यसका लागि हामीसँग पर्याप्त अस्त्र छन्।'

सोमालियामा खडेरीले चरम खाद्यान्न अभाव

सोमालियामा लामो समयदेखि जारी

रहेको खडेरीका कारण खाद्यान्नको अभाव भएको छ। यहाँ लामो समयदेखि आन्तरिक राजनीतिक संकटका साथै खडेरका कारण पनि खाद्यान्नको अभाव हुदै गएको पाइएको छ।

यहाँ खाद्यान्न अभाव अझै बढ्ने स्पष्ट संकेतहरू देखिएका राष्ट्रसंघीय अधिकारीहरूले बताउँदै आएका थिए। जसका कारण यहाँका बालबालिकमा कुपोषण, प्रोटिन तथा पोषणयुक्त खानाको अभाव पनि बढ्दै जाने देखिएको छ। सोमालियाको यो अवस्थाका बारेमा सोमालियाली सरकार र राष्ट्रसंघीय अधिकारीहरूले शनिबार जानकारी गराएका हुन्।

उनीहरूले अहिलेकै अवस्था रही आएमा यहाँ चरम खाद्यान्न अभाव र नागरिकहरू कुपोषणको शिकार हुने अवस्था रहेको पनि उनीहरूले जनाएका छन्। सोमालियामा खाद्यान्न लगायतका सहयोग गर्दै आएका निकाय, दाता राष्ट्र तथा राष्ट्रसंघद्वारा शनिबार सार्वजनिक गरिएको एक अध्ययन प्रतिवेदनमा सोमालियाको यस्तो अवस्थाका बारेमा जानकारी गराइएको छ।

रूस-युक्रेन युद्धले सिंगै विश्व प्रभावित

रुस-युक्रेन युद्धको १०१ दिनसम्ममा हजारौंको ज्यान गएको छ। खर्बौंका भौतिक संरचना नष्ट भएको छ। युद्धको दुष्प्रभाव विश्वव्यापी र बहुआयामिक बन्दै छ। कतिसम्म भने कोभिड- १९ महामारीले भन्दा पनि ठूलो संकट निम्त्याउने त्रास बढेको छ।

युक्रेनको राजधानी किभस्थित सैन्य अखडाहरूमा हवाई आक्रमण गरेर रुसले युक्रेनमाथि युद्ध सुरु गरेको सय दिन नाघेको छ। रुसले फेब्रुअरी २४ को बिहान सबेरैदेखि युक्रेनी सहरहरूमा सैन्य विमान एवं हेलिकोप्टरहरूबाट आक्रमण थालेको थियो। युक्रेनी राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले अहिलेसम्म रुसले युक्रेनको २० प्रतिशत भूभाग कब्जा गरेको जनाएका छन्। रुस-युक्रेन युद्ध जति लम्बिंदै छ, युद्धका दुष्प्रभाव विश्वव्यापी र बहुआयामिक बन्दै गएको छ। रुस-युक्रेन युद्धको संकटले कोभिड-१९ महामारीले भन्दा पनि ठूलो संकट निम्त्याउने हो कि भन्ने त्रास छाउन थालेको छ।

मार्चपछि रुसले आफ्नो तर्फको क्षति सार्वजनिक गरेको छैन। यद्यपि, रुसी सेनातर्फ पनि निकै ठूलो क्षतिको आकलनहरू सार्वजनिक भइरहेका छन्। युक्रेनी सेनाका अनुसार उसले ९९ दिनमा रुसका ३० हजार आठ सय ५० सेना मारेको छ। दुई सय १० युद्धक विमान, एक सय ७५ हेलिकोप्टर, १,३६३ ट्यांक, १३ वटा पानीजहाज तथा डुंगालगायतलाई ध्वस्त पारेको छ।

जर्मनी, अमेरिका, बेलायतलगायत पश्चिमा मुलुकले युक्रेनी सेनालाई छरिता र प्रभावकारी हतियारहरू उपलब्ध गराइरहेका छन्। युक्रेनले उनीहरूबाट प्रभावकारी रणनीति र सञ्चार उपकरणहरूसमेत प्राप्त गरिरहेको छ। यसले युक्रेनको युद्ध लड्ने क्षमता घट्न दिइरहेको छैन। अहिलेसम्म युक्रेनलाई अमेरिकाले ११ खेप हतियार उपलब्ध गराइसकेको छ। अमेरिकाले पठाएको ७० करोड डलरबराबरको सैन्य सहायता केही दिनमै युक्रेन पुग्दै छ। यसअन्तर्गत युक्रेनले अमेरिकाबाट सैन्य हेलिकोप्टर, ज्याभलिन एन्टिट्यांक प्रणाली, राडार, ट्याक्टिकल भेहिकलका साथै सैन्य उपकरणका पार्टपुर्जाहरू प्राप्त गर्नेछ। अमेरिकाले युक्रेनलाई पहिलोपटक लामो दूरीको हतियार प्रणाली पनि पठाउँदै छ। अमेरिकाले यो हतियार युक्रेनले रुसी भूमिमा प्रहार नगर्ने सर्तमा उपलब्ध गराउन थालिएको भनेको छ। युक्रेनलाई सहयोग गर्न अमेरिकी सरकारले ३२ अर्ब डलर छुट्याएको छ। साथै, किभलाई पूर्वी युक्रेनको लडाइँमा दशौं हजार विदेशी मिसिनरी सेनाले पनि सघाइरहेको दाबी छ। यी सबै सहयोगका कारण रुसतर्फ पनि ठूलो क्षति भइरहेको छ।

अहिलेसम्म युक्रेनमा युद्धबाट भएको मानवीय क्षतिको यकिन तथ्यांकको कसैले सार्वजनिक पुष्टि गरेको छैन। तर, अहिलेसम्म १५ हजार युक्रेनी सेना मारिएको अनुमान गरिन्छ। राष्ट्रपति जेलेन्स्कीका अनुसार अहिले किभले हरेक दिन एक सयभन्दा धेरै सेना गुमाइरहेको छ भने दैनिक घाइते हुनेको संख्या पाँच सय हाराहारी छ। युक्रेनको मानव अधिकारसम्बन्धी संसदीय आयोगले रुसी सेनाले युक्रेनमा ३८ हजार आवासीय भवन ध्वस्त गरेको र दुई लाख २० हजारलाई बेघर बनाएको भनेको छ। यहाँका कम्तीमा १९ सय शैक्षिक संस्था आक्रमणमा परेको र एक सय ८० शैक्षिक भवन पूरै ध्वस्त भएका छन्। त्यसैगरी, पाँच सय अस्पताल, ५० रेलका पुल र पाँच सयभन्दा धेरै फ्याक्ट्री पनि ध्वस्त भएका छन्।

युद्धले युक्रनेको ४५ प्रतिशत जिडिपी मेटेको अर्थशास्त्रीहरूले आकलन गरेका छन्। अहिलेसम्म युक्रेनका ५० प्रतिशत बिजनेस बन्द भएको र ४८ लाख रोजगारी गुमेको भनिएको छ। पूर्वाधारहरूको क्षति मात्रै पनि एक खर्ब डलरमाथि पुगेको छ भने समग्र क्षतिको आर्थिक मूल्य ६ खर्ब डलरभन्दा माथि रहेको युक्रेनी अर्थशास्त्रीहरूको आकलन छ। शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय युएनएचसिआरका अनुसार मुलुकबाहिर शरणार्थी भएर पुगेकाहरूको संख्या ६५ लाख र आन्तरिक विस्थापितको संख्या ७० लाख नाघेको छ।

अहिलेसम्म युक्रेनलाई ३० मुलुकले वित्तीय एवं सैन्य सहयोग गरेका छन्। रुससँग प्रत्यक्ष द्वन्द्वको डरले युक्रेनलाई लडाकु विमान तथा लामो दूरीका क्षेप्यास्त्र प्रणाली उपलब्ध गराउन हिच्किचाइरहेका नाटो सदस्य राष्ट्रहरूले बिस्तारै यस्ता हतियार पनि उपलब्ध गराउन थालेका छन्। अमेरिकाले युक्रेनलाई लामो दूरीको क्षेप्यास्त्र प्रणाली पठाउँदै छ। जर्मनीले पनि अत्याधुनिक लडाकु ट्यांक उपलब्ध गराएको छ। गोलाबारुद तथा ट्यांक तथा विमानभेदी प्रणालीजस्ता रक्षात्मक उपकरणमा सीमित सैन्य सहयोग नीतिमा परिवर्तनको संकेतले यो युद्ध तन्किंदै जान सक्ने अनुमान गर्न थालिएको छ। सिरिया युद्धमा संलग्न रुसको प्रविधिगत रूपले मजबुत छवि युक्रेनको मैदानमा कमजोर प्रमाणित भएपछि नाटो सदस्यहरू युक्रेनलाई उन्नत हतियार उपलब्ध गराउन उत्साहित भएको देखिन्छ। यसले युद्धको आयामलाई फेर्न अनुमान गरिएको छ।

युद्धपछि रुसमाथि ४६ मुलुकले सात हजार सात सय ८२ वटा प्रतिबन्ध लगाएका छन्। रुस अहिले विश्वकै सबभन्दा बढी प्रतिबन्ध लागेको मुलुक बनेको छ। पश्चिमको प्रतिबन्धले रुसलाई विश्वव्यापी वित्तीय प्रणालीबाट पूरै बेदखल गरेको छ। पश्चिमा मुलुकले रुसले बचत राखेको तीन खर्ब डलरबराबरको सुन तथा विदेशी विनिमय फ्रिज गरेका छन्। रुसी सरकारको आधाभन्दा धेरै विदेशी विनिमय अहिले फ्रिज छ।

(एजेन्सीहरुको सहयोगमा)

प्रेरक

जंगलका नयाँ राजा

एउटा वनका राजा शेरसिंहको मृत्युसँगै सिंहको शासन समाप्त भयो। किनकि, त्यहाँ राजा बन्न लायक अर्को सिंह थिएन। जसले गर्दा जंगलमा अराजकता पैदा भयो। जंगली समाज अस्तव्यस्त भयो। चारैतिर अशान्ति र मारकाट चल्न थाल्यो। अराजकताका कारण जंगलका जनावरलाई बाँच्नै मुस्किल पर्न थाल्यो। सिंह राजा छउन्जेल जंगलमा सुख, शान्ति र अमनचैन थियो। जंगली समाज स्वच्छ थियो।

यस्तै अन्योलबीच एक बुद्धिमान् खरायोले जनावरहरूलाई एक सुझाव दियो- अब हामीले निर्वाचनमार्फत नयाँ राजा चयन गर्दा कसो होला? यसो गर्दा सबैले आफ्नो राजा चयन गर्ने मौका पाउँछन्। जसले सबैभन्दा बढी मत पाउँछ, उही राजा बन्छ। खरायोको सुझाव सबैले मन पराए। दोस्रो दिन खरायोको सुझावअनुसार मतदान सुरु भयो।



दिनभरिमा मतदान सकियो। भोलिपल्ट मतगणना सुरु भयो। मतगणनामा मोटु हात्ती सबैभन्दा बढी मत हासिल गर्न सफल भयो। उसैलाई विजयी घोषित गरी राजा बनाइयो। मोटु हात्ती विजयी भएको देख्दा धेरै जनावर छक्क परे। किनकि, त्यो हात्ती आफ्नै काम पनि राम्ररी गर्दैनथ्यो।

यही अन्योलबीच पक्षीराज गरुडले सबै पशुपन्छीलाई सम्बोधन गर्दै भने- हाम्रा नयाँ राजा जहिल्यै विभिन्न रुखका हाँगा भाँचेर आफ्नो पेट भर्थे। तर, पीपलको रुखमा रहेको गुँडमा मेरा अन्डा देखेपछि उनले रुखलाई छुँदा पनि छोएनन्। उनले यसैगरी धेरै पक्षीलाई बचाएका छन्। त्यसैले, उनको यो दयालु भावनाको कदर गर्दै हामी पक्षीहरूले उनलाई मत दियौं। आखिर, आफ्ना जनताको सुख, दुःख तथा समस्या बुझ्ने र त्यसमा विशेष ध्यान दिने व्यक्ति नै त शासक बन्न सक्छ हैन र?

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

आलस्य गर्ने बानीले समस्या निम्त्याउला। परिश्रमको फलमाथि अरूले दाबी गर्न सक्छन्। तर, मिहिनेत गर्दा प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्। कामको मूल्यांकन हुनेछ भने लगनशीलताले विशेष अवसर दिलाउनेछ। विगतका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ। हुलमुलमा धनमाल जोगाउन सचेत रहनुपर्ला। साहसी काम गरेर अरूको मन जित्न सकिनेछ।

वृष

प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनुका साथै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीले साथ दिनेछन्।

मिथुन

हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। ढिलासुस्तीले हातमा आएको मौका समेत गुम्न सक्छ। स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ। प्रयत्न गर्दा आमाको माध्यमबाट काम बनाउन सकिनेछ। प्रक्रियाका लागि काम दोहोर्याउनुपरे पनि अन्ततः फाइदा उठाउन सकिनेछ। मौसमी रोगले सताउन सक्छ। चिसो बाट जोगिनु होला।

कर्कट

समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्। परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। उद्योग र कृषिमा केही समस्या देखापर्न सक्छन्। तापनि समयमा गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। मिहिनेतले उत्साह जगाउनेछ भने व्यापारमा पनि फाइदै हुनेछ। काम पूरा नभए पनि आंशिक सफलता मिल्नेछ।

सिंह

अरूको भरपर्दा काम प्रभावकारी नहुन सक्छ। हिसाबकिताबमा विवाद आउन सक्छ। तापनि बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। ईर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा परिस्थितिले आफ्नै पक्ष लिनेछ। दिगो आम्दानी हुने काम हातपार्न सकिनेछ। मान-सम्मान प्राप्त हुनेछ।

कन्या

लोकाचारका लागि अनिच्छित काममा जुट्नुपरे पनि रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। पहिलेको सफलताले थप हौसला जगाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

तुला

पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। समय दिन नसक्दा काम बिग्रन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ला। बेसुरमा गरिएको काम दोहोर्याउनुपर्ने हुन सक्छ। समयमा गम्भीर नबन्दा व्यर्थैमा दुःख पाइनेछ। कामको चाप बढे पनि शुभचिन्तकहरूको साथ-सहयोग पाइनेछ। नपत्याएको कामले भने राम्रो फाइदा दिनेछ। खर्चिलो कामले अर्थअभाव निम्त्याउनेछ।

वृश्चिक

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ। आर्थिक स्थिति बलियो हुनेछ। पारिवारिक सहयोग मिल्नेछ। यात्राको अवसर पनि मिल्ने योग छ।

धनु

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। आफ्नो प्रतिफलमाथि अरूले दाबी गर्ने हुँदा सजग रहनुहोला। लगनशीलताले भविष्यका लागि विशेष काममा जग बसाउने मौका दिलाउनेछ। श्रमको पूरा मूल्य प्राप्त नभए पनि उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गर्दा कीर्तिमानी काम प्रारम्भ हुनेछ र आंशिक फाइदा पनि हुनेछ।

मकर

मिहिनेत गर्दा लक्ष्यमा पुग्न सकिनेछ। समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ। अधुरा काम समेत सम्पादन हुनेछन् भने विशेष जिम्मेवारी प्राप्त हुने समय छ। सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ। भेटघाटले महत्वपूर्ण कामको जग बसाउने अवसर दिलाउनेछ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला। भाग्यले साथ दिनेछ।

कुम्भ

काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिए पनि दोहोर्याएर प्रयत्न गर्दा आँटेको काम बन्न सक्छ। मिहिनेत गर्दा पछिका लागि फाइदा हुनेछ। तत्काल लाभ नभए पनि समस्या सुल्झाउन सफल भइनेछ।

मीन

निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्न सक्छ। मनोरञ्जन तथा भौतिक सुविधाले पनि केही खर्च निम्त्याउला। व्यावसायिक यात्रा गर्ने अवसर प्राप्त हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। तर असंयम व्यवहारले आलोचित बन्नुपर्ला। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ। पुरानो काम छोडेर नयाँ कामको अवसर मिल्नेछ। सबैतिरबाट मान सम्मान प्राप्त हुनेछ।

समाचार

जनावरका हिंस्रक घटना बढे

काठमाडौं। चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा बाघको संख्या बढेसँगै बाघले मध्यवती क्षेत्रमै बासस्थान बनाउन थालेको छ। बाघको बासस्थान वरपर मानवीय गतिविधि पूर्ववत् अवस्थामा रहँदा हिंस्रक घटना बढ्न थालेका हुन्। निकुञ्ज र मध्यवती क्षेत्रमा गएको ११ महिनामा १४ जनाको बाघको आक्रमणबाट मृत्यु भएको छ। गत आर्थिक वर्षमा बाघको आक्रमणबाट पाँच जनाको मृत्यु भएको थियो। आक्रमणका घटना अधिकांश मध्यवती सामुदायिक वनमा भएका छन्।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार तीनवटा घटना मात्रै निकुञ्जभित्र भएका हुन्। वर्षभरमा भएका सबै घटना निकुञ्ज र मध्यवती वन क्षेत्रभित्र मात्रै भएका हुन्। वनमा न्युरो, घाँस, दाउरा गर्न जानेहरू आक्रमणको सिकार बनेका छन्। निकुञ्जमा हालै गएको फागुनमा बाघ गणना गरिएको थियो। बाघको तथ्याङ्क सार्वजनिक भइसकेको छैन। आउँदो बाघ दिवस जुलाई २९ मा सङ्ख्या सार्वजनिक गरिँदै छ। सन् २०१८ को गणनाअनुसार निकुञ्जमा बाघको सङ्ख्या ९३ रहेको थियो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्य सङ्ख्या बढेका कारण मध्यवती क्षेत्रमा बाघले बासस्थान बनाएकाले घटना बढेको अनुमान गर्छन्। मानिसहरूले अपनाउनुपर्ने सावधानी कम अपनाउँदा घटना बढ्दै गएको आचार्यको भनाइ छ। बाघ निश्चित क्षेत्रलाई आफ्नो बासस्थान बनाएर बस्ने प्राणी हो। सङ्ख्या बढ्दै गएर निकुञ्जभित्र बासस्थान नपुगेपछि बाघले मध्यवती सामुदायिक वनहरूमा आफ्नो बासस्थान बनाउँदै गएको उनी बताउँछन्।

असारदेखि भदौसम्म सडक खन्न र भत्काउन रोक

काठमाडौं। सडक विभागले आगामी १ असारदेखि भदौ मसान्तसम्म सडक खन्न र भत्काउन नदिने भएको छ। सडक विभाग अन्तरगतको संघीय सडक अनुगमन तथा सुपरीवेक्षण कार्यालय काठमाडौंले सूचना निकालेर १ असारदेखि कुनै पनि सडक खन्न अनुमति नदिइने बताएको छ। वर्षा लागेको अवस्थामा धारा, ढल, बिजुली तथा टेलिफोन जस्ता प्रयोजनका लागि सडक खन्दा तत्काल मर्मत गरी यथास्थितिमा ल्याउन नसकिने भएकाले यस्तो व्यवस्था गरिएको विभागले बताएको छ। यसरी खन्दा सडक पनि थप बिग्रिँदै जाने विभागको स्पष्टीकरण छ। कसैले अटेर गर्दै जबरजस्ती सडक खनेमा सार्वजनिक सडक ऐन २०३१ अनुसार कडा कारबाही गरिने पनि विभागको सूचनामा उल्लेख छ।

ब्रिटिस-गोर्खा भूपू सैनिक आन्दोलनमा

बेलायत सरकारबाट अवकाश पाएका भूतपूर्व गोर्खा सैनिकलाई भएको विभेद अन्त्यको माग सरकारले सम्बोधन नगरेको भन्दै ब्रिटिस-गोर्खा भूतपूर्व सैनिक संगठनले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ। बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै भूतपूर्व गोर्खा सैनिक संगठनले आफ्ना माग सरकारले पूरा नगरेको भन्दै असार ३ गतेदेखि दोस्रो चरणको आन्दोलन गर्ने घोषणा गरेको हो।

पत्रकार सम्मेलनमा बोल्दै ब्रिटिस-गोर्खा भूतपूर्व सैनिक संगठन सिंगापुर गोर्खाज विभागका प्रमुख पलबहादुर घतीले असार ३ गते काठमाडौंको रत्नपार्कस्थित शान्तिबाटिकामा शान्तिपूर्ण आन्दोलन गर्ने बताए। उनले भूतपूर्व सैनिकहरूको माग सरकारले सम्बोधन गर्ने गरी विरोध प्रदर्शन गर्नुका साथै बेलायती राजदूतावासअगाडि एक घन्टा धर्ना दिने कार्यक्रम तय भएको जानकारी दिए। राजदूतावासमार्फत बेलायती प्रधानमन्त्रीलाई ब्रिटिस-गोर्खा भूतपूर्व सैनिकका १६ बुँदे मागसहित ध्यानाकर्षणपत्र पुनः बुझाउने प्रमुख घतीले बताए। उनले बेलायत सरकारलाई नेपाल सरकारले १६ बुँदे मागपत्र पूरा गर्न पहल नगरी बेवास्ता गरे भूतपूर्व गोर्खा सैनिक मानव अधिकार तथा जातीय विभेदसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूको सहभागितामा देशव्यापी आन्दोलन गर्ने चेतावनीसमेत दिए।

प्रमुख घतीले सिंगापुर प्रहरी सेवाबाट अवकाश प्राप्त गोर्खाहरूमाथि बेलायत र सिंगापुर सरकारबाट ठूलो अन्याय र चकी विभेद भइरहेकाले त्यसको अन्त्यका लागि पहलको माग गर्दै आए पनि सरकारले सुनुवाइ नगरेको गुनासो गरे। उनले सरकारले कुनै सन्धि, सम्झौताविना अहिलेसम्म पनि बेलायतले नेपालीलाई सिंगापुरका लागि भर्ती गरी पठाइरहेको भन्दै बेलायत, नेपाल र सिंगापुरमध्ये यसमा को जिम्मेवार छ भन्ने अन्योल रहेको पनि बताए।

नेपाल सरकारले मुख्यतया सिंगापुर प्रहरीबाट अवकाश प्राप्त भूपू सैनिकलाई सिंगापुरका सैनिकसरह तलब, भत्ता, पेन्सन र अन्य सेवा-सुविधाहरू समान गराउन पहल गर्नुपर्ने उनीहरूको माग छ। एउटै संस्थामा एकै प्रकारका काम गर्ने दुई देशका नागरिकको सेवा सुविधाबीच अन्तर हुनु दुःखद रहेको उनीहरूको भनाइ छ। सिंगापुर प्रहरीमा सेवारत हुँदासमेत गोर्खा प्रहरीका श्रीमती र उमेर पुगेका छोराछोरीहरूले योग्यताअनुसार सिंगापुरमा काम गर्न पाउने व्यवस्था गर्न सरकारले पहल गर्नुपर्ने पनि प्रमुख घतीले बताए। उनले सिंगापुर र बेलायत सरकारले सिंगापुर गोर्खामाथि जातीय विभेद गरेको बताउँदै त्यस्तो व्यवहार मानव अधिकारको दृष्टिकोण अनुचित रहेकोसमेत बताए।

प्रहरीमा एआईजी बढुवा

सरकारले नेपाल प्रहरीमा पाँच र सशस्त्र प्रहरीमा एक डिआइजीको एआइजीमा बढुवा गरी पदस्थापन गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीका उत्तमराज सुवेदी, अरुण बिसी, दिवेश लोहनी, मुकुन्दराज आचार्य र पूजा सिंहलाई एआइजीमा बढुवा गरेको हो। उनीहरूको पदस्थापनसमेत भएको छ।

सुवेदीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) मा पदस्थापन गरिएको छ। त्यस्तै, उपत्यका प्रहरी कार्यालयको प्रमुखमा रवीन्द्र धानुकको सरुवा भएको छ। उनी यसअघि प्रशासन विभागमा कार्यरत थिए। बढुवा भएका मुकुन्द आचार्यको प्रहरी राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानमा पदस्थापन भएको छ। उनी त्यहीं निमित्तको रूपमा कार्यरत थिए। त्यस्तै, पूजा सिंहको मानव स्रोत विकास विभाग, दिवेश लोहनीको अपराध अनुसन्धान विभाग र अरुण बिसीको प्रशासन विभागमा पदस्थापन भएको छ। आइजिपी नियुक्तिमा असन्तुष्टि जनाई लामो बिदामा रहेका एआइजी विश्वराज पोखरेल प्रदेश समन्वय विभागमा सरुवा हुँदा सहकुल थापालाई भने कार्य विभागमै यथावत राखिएको छ।

त्यस्तै, सशस्त्रमा चन्द्रप्रकाश गौतमलाई एआइजीमा बढुवा गरी पदस्थापन गरिएको छ। उनलाई कार्य तथा सीमा सुरक्षा विभाग तथा नारायणदत्त पौडेललाई मानव स्रोत तथा प्रशासन विभागमा पदस्थापन गरिएको छ। पौडेलको तीन साताअघि नै बढुवा भए पनि पदस्थापन भएको थिएन।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा एआइजीको बढुवा र पदस्थापन हुँदा प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहेको राष्ट्रिय अनुसन्धान विभाग ९राअवि०मा भने अतिरिक्त मुख्य अनुसन्धान निर्देशक ९एआइजी०को पद रिक्त छ। गत ९ वैशाखमै राअविमा एआइजीको पद रिक्त भए पनि अझसम्म बढुवाको निर्णय हुन सकेको छैन। बढुवा भएको अस्वस्थ प्रतिस्पर्धाका कारण सरकारले बढुवा गर्न नसकेको स्रोत बताउँछ। जसले विभागको तल्लो तहसम्मको बढुवा प्रभावित बनेको छ।

राअविमा एआइजीको एक मात्र पद रिक्त छ। एआइजी यादव रेग्मीले ९ वैशाखमा नै अवकाश पाएका थिए। रिक्त पदमा अनुसन्धान निर्देशकहरू हुतराज थापा, ओम जोशी, टेकेन्द्र काकी, हरिहर शर्मा पौडेल, सुनील ढकाल, कुलदेव थापा र सुमन वैद्यबीच प्रतिस्पर्धा छ। जुनियर डिआइजीहरूको दबाबले बढुवा अनिश्चित बनेको स्रोतको दाबी छ। यसले समग्र विभागमै दर्जनौं अधिकृतको करिअरमा असर परेको र समयमा वृत्तिविकास नहुँदा गुप्तचरी संयन्त्रमा ठूलो असर पर्ने विभागका अधिकारीहरू बताउँछन्।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Oracular = भविष्यवाणी गर्न सक्ने, रहस्यपूर्ण र दोहोरो अर्थ लाग्ने Mostly the prediction made by the horoscopes are of oracular nature ज्योतिषहरूले गरेका भविष्यवाणीहरू विशेषतः दोहोरो अर्थ लाग्ने खालका हुन्छन्।

Perfidious = धोकेबाज He is a perfidious friend because he betrayed me ऊ धोकेबाज मित्र हो किनकि उसले मलाई धोका दियो।

Quixotic = आदर्शवादी तर अव्यावहारिक To be a successful leader one should not be a quixotic rather practical सफल नेता बन्नका लागि आर्दशवादी तर अव्यावहारिक भएर हुँदैन व्यावहारिक पनि हुनुपर्दछ।

Refulgent = उज्यालो चम्किलो She is a very beautiful women, many people says that she has a very refulgent face likt that of a full moon तिनी ज्यादै राम्री महिला हुन् उनको अनुहार पूर्णचन्द्रझैं चम्किलो छ भनेर सबैले भन्छन्।

Scintilla = न्यूनतम, अलिकति In your argument there is no scintilla of logic तिम्रो तर्कमा अलिकति पनि सार छैन।

Traduce = अरूको इज्जतमा हिलो छ्याप्ने, चरित्र हत्या गर्ने Only by traducing others' reputation, one can not be successful in politics खाली अरूकै चरित्र हत्या गरेको भरमा मात्र राजनीतिमा सफल हुन सकिन्न।

Usury = कानुनले तोकेको भन्दा बढी ब्याजमा ऋण दिने प्रवृत्ति As he was found guilty of usury, he was sentenced three months' imprisonment बढी ब्याज लिएकोमा दोषी प्रमाणित भएको हुँदा उसलाई तीन महिनाको कैद सजाय भयो।

Valedictory = विदाइको अवसरमा दिने His valedictory speech was so sentimental that very few could stand it उसको विदाइको वक्तव्य यति भावपूर्ण थियो कि धेरै थोरैले मात्र आफूलाई सम्हाल्न सके।

Wake = पदको चिन्ह, घटना घटेपछिको अवस्था The policemen converged on the spot in the wake of a bomb blasting बम पड्केको ठाउँमा उत्तिखेरै प्रहरीहरू जम्मा भए।

Yack = ठूलो ठूलो स्वरले धेरैबेरसम्म कुरा गरिराख्नु I always avoid her as she is used to yacking ठूलो ठूलो स्वर गरी अरूलाई बोल्नै नदिई आफैंमात्र कुरा गर्ने बानी भएको हुँदा म तिनीलाई देख्यानदेखे गर्दछु।

Break बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Break the silence = मौनता भंग गर्नु She broke her silence by coughing तिनले खोक्दै आफ्नो मौनता भंग गरिन्।

Break a blockade = नाकाबन्दी तोड्नु Nepal finally broke Indian economic blockade tactfully नेपालले अन्तमा भारतीय आर्थिक नाकाबन्दी सही तरिका अपनाएर तोडी छाड्यो।

Break somebody's morale = कसैको मनोबल गिराउनु He is so positive in his dealing, nobody can break his morale ऊ आफ्नो व्यवहारमा यति सकारात्मक छ कि कसैले उसको मनोबल गिराउन सक्तैन।

Break a scandal = काण्ड मच्चाउनु Although the scandal broke, there was no public outcry काण्ड नै मच्चाउँदा समेत सार्वजनिक रुपमा असन्तुष्टि देखिएन।

Break the power = शक्ति घटाउनु The government always tries to break the power of the Trade Unions सरकार सधैं मजदुर संघहरूको शक्ति घटाउने प्रयासमा हुन्छ।

Break under something = थेग्न नसकी रुनु He broke under questioning and confessed everything प्रश्नहरू थेग्न नसकी ऊ रोयो र सबै गल्ती आफ्नै हो भनी स्वीकार्‍यो।

Break the record = रेकर्ड तोडनु He made a new record this time by breaking his old one उसले आफ्नै पुरानो रेकर्ड तोडी नयाँ कायम गर्‍यो।

Break somebody's heart = चित्त दुखाउनु With his pinching words he broke very much my heart उसको कडा वचनले मेरो चित्त धेरै दुखायो।

Break away from somebody = अकस्मात भाग्नु The prisioners broke away from their guards कैदीहरू आफ्नो सुरक्षा गार्डलाई छकाइ अकस्मात भागे।

Break down = बिग्रनु Since yesterday the telefon system has broken down हिजोदेखि टेलिफोन बिग्रेको छ।

सुडोकु-अंक २६४

		४			८	२		
५		८		३		९	१	
				४	७			
							४	
७	१						६	५
	३							
			८	९				
	६	५		२		७		९
		१	५			४		

अंक २६३ को नतिजा

६	९	७	४	५	३	८	१	२
३	२	५	१	९	८	४	६	७
१	८	४	६	२	७	९	५	३
४	६	९	५	८	२	३	७	१
८	३	१	९	७	६	५	२	४
७	५	२	३	४	१	६	८	९
५	४	८	२	१	९	७	३	६
९	१	६	७	३	५	२	४	८
२	७	३	८	६	४	१	९	५

KIM JONG IL

ON PRESERVING THE JUCHE CHARACTER AND NATIONAL CHARACTER OF THE REVOLUTION AND CONSTRUCTION JUNE 19, 1997–(3)

Our people are proud of their patriotic traditions which are now being carried forward brilliantly under the leadership of our Party. By carrying forward the noble patriotic traditions, all our people must implement devotedly our Partys idea and policy of defending the fundamental interests of the country and nation and making their country, their motherland, more prosperous.

Carrying out the revolution and construction in ones own style on the principle of national independence is the fundamental requirement for preserving the Juche character and national character. Dealing with the problems arising in shaping the destiny of ones country and nation according to ones own decision is the right to independence which nobody can infringe upon. The revolutionary parties and peoples must resolutely reject the intervention and pressure of the outside forces and resolve their own problems according to their own decisions and judgement to suit their demands and interests.

The failure to assert ones own opinion and faith, when under the pressure of foreign forces, leads to subordination and national ruin. This is proved by the catastrophic fate of the countries and nations which followed the intentions of the imperialists and dominationists and lived consulting their pleasure. The more pressure the imperialists and dominationists apply, the more firmly the revolutionary parties and peoples must assert their opinion and carry out the lines and policies they have adopted. If they yield to the pressure of the outside forces and vacillate or give up their aim in difficulty and thus abandon their faith and withdraw from the road they themselves have chosen, they cannot rise up again. No matter how grave difficulties and trials they may face, the revolutionary parties and peoples should never lose their faith in the validity of their cause and invariably follow the road to independence, the road they have chosen, fighting with an indomitable will.

In advancing the revolution and construction and developing society, it is always necessary to find out and rely on ones own way and methods. It is not right for the masters responsible for the destiny of the nation to copy or blindly imitate others. It is natural to introduce what is good or developed among others things, but it is intolerable to imitate them mechanically or consider them to be basic. The parties and peoples who are building socialism should not tolerate the capitalist Western style in managing the state and social system and organizing social life, but instead they should apply their own style, which is revolutionary and national, in all spheres of state and social life including politics, the economy and culture.

The countries which are experiencing social problems, economic difficulties and disasters because of national disputes must also find out a way to overcome them by their own efforts, not expecting anything from the prescription of the imperialists. The so-called prescription that the imperialists are propagating around the world are neither good for the development of other nations nor ingenious plans to activate the economy of other countries and ensure national reconciliation these are the schemes to embellish themselves and gain their profit in this process. As reality shows, in the countries which accepted the imperialist prescription, social problems and economic difficulties have become more serious and national disputes become more chronic.

The countries which are suffering social and economic difficulties and national disputes must reject the prescription of the imperialists which only worsens their conditions. They must break through the difficulties following their own prescription.

Our Party and people are proud of having chosen their own revolutionary road independently and having advanced the revolutionary cause, solving all the problems arising in the revolution and construction in their own way based on their independent views. Our style is derived from man-centred Juche philosophy and patriotism. Because we have not followed others opinion and prescription, but relied firmly on our own views and the revolutionary methods of our style, we have been able to build a powerful socialism of Juche and make it prosperous. In the future, too, we must live and carry out the revolution in our own way on the principle of national independence so as to firmly defend and develop socialism of our style and make the country and nation ever prosperous.

Our own force is the real guarantee for preserving and embodying the Juche character and national character. The fundamental factor in preparing our own force is to build up the political force of our own. In order to preserve the Juche character and national character it is necessary to prepare our own force in all spheres including the material and economic force, but what is most important is to build up a strong political force, the driving force of the revolution.

Unity means the strength of the driving force of the revolution. In the struggle for the independence of the country and nation it is imperative to achieve national unity based on the unanimous desire and common interests of the nation. At present, our urgent task is to achieve great national unity and build up our own force for national reunification. Only when a nationwide unity is realized can we crush the divisive forces at home and abroad and accomplish the cause of national reunification. All the compatriots in the north, the south and abroad must fight dynamically to realize the independent reunification of the country, the great national desire, rallied rock-solid under the banner of great

national unity.

In the socialist society where class antagonism has been eliminated, the nation is the people and vice versa and the centre of their unity is the party and the leader. National unity in the socialist society must be the unity of the whole society in ideology and purpose centring on the party and the leader. Our Party has equipped the entire people firmly with the Juche idea and turned the whole of society into one socio-political organism, whose members have been united firmly centring on the Party and the leader, thereby building up creditably the independent driving force of the revolution, the integrated whole of the leader, the Party and the masses. The strength of the independent driving force relying on the single-hearted unity of the leader, the Party and the masses is the fundamental guarantee for all our victories both in the struggle against imperialism and in socialist construction. By consolidating and developing this single-hearted unity and displaying its power to the full, we must safeguard the independence of the country and nation firmly from enemy encroachment and step up the revolution and construction vigorously.

In addition to our own political force, the economic and military forces must be prepared. The parties and peoples who have not prepared their own economic and military forces cannot fulfil their responsibility and play their role satisfactorily as the independent driving force of the revolution and construction and preserve the Juche character and national character. The revolutionary parties and peoples should exert all their energy, enduring all hardships, to prepare their own economic and military forces that guarantee the independent development of the country.

